(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

gjljsNk

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक

म्यूजिक भिडियोमा म्याग्दी

विस्तृत अन्तिम पृष्ठमा

वर्ष ९ अङ्क ८ पूर्णाङ्क ३९७ आइतवार, कार्तिक २१, २०७३ Nov. 06, 2016, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

स्थानीय तहको टुङ्गो लाग्यो

- एक नगरपालिका र पाँच गाउँपालिका प्रस्ताव
- धौलागिरी र रघुगंगाको केन्द्र अन्यौलमा
- गलेश्वरमा ७ घण्टासम्म गोप्य बैठक
- राप्रपाको फरक मत

■ सन्तोष गौतम/नवविकल्प

संघीय संरचना अनुसार म्याग्दीमा बन्ने स्थानीय तहको टुङ्गो लागेको छ । स्थानीय तह पुनसंरचना प्राविधिक सहयोग समितिको आयोजनामा शुक्रबार गलेश्वरमा बसेको सर्वदलीय बैठकले छ वटा स्थानीय तह बनाउने प्रस्ताव गरेको हो । रिभरसाईड होटलमा छ घण्टासम्म बसेको गोप्य भनिएको बैठकले पाँच वटा गाउँपालिका र एक नगरपालिका बनाउने निर्णय गरेको छ ।

गाउँ, नगर तथा विशेष, संरक्षीत वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले तोकेको समयसीमा सकिनू भन्दा एक दिन अगावै बसेको बैठकले दुई वटा गाउँपालिकाको केन्द्रको विषयमा विकल्प सहितको निर्णय गरेको छ । आयोगले कात्तिक २० गतेभित्र स्थानीय तहको प्रस्ताव पठाउन देशभरका प्राविधिक सहयोग समितिलाई निर्देशन दिएको थियो ।

स्थानीय विकास अधिकारी एवं समितिका संयोजक चिरञ्जीवी पौडेलको अध्यक्षतामा व्यवस्थापिका संसदमा म्याग्दीबाट प्रतिनिधित्व गर्नुहुने सांसदत्रय नवराज शर्मा, नरदेवी पुन, रेशमबहादुर बानियाँ सहित क्रियाशिल राजनितिक दलका दुई/दुई जना प्रतिनिधिहरूको उपस्थिती रहेको थियो ।

सांसद र राजनीतिक दलहरूको सुझावको आधारमा तयार पारिएको प्रस्ताव राज्य पुनसंरचना आयोगमा पठाईने समितिका सदस्य सचिव जिविसका योजना अधिकृत बिष्णुप्रसाद पौडेलले बताउनुभयो ।

पाल्लेखेत र भकिम्ली गाविसलाई बेनी नगरपालिकामा समावेश गर्ने र पोखरेबगर केन्द्र रहनेगरी दोवा, भुरुङ तातोपानी, दाना, नारच्याङ, शिख, घार, हिस्तान र राम्चे गाविसलाई समेटेर अन्नपूर्ण गाउँपालिका बनाउने प्रस्ताव गरिएको छ । बेनी नगरपालिकाको केन्द्र बेनी नै रहनेछ ।

ताकम र मुना मध्य एक ठाउँमा केन्द्र रहनेगरी ताकम, गुर्जा, मुना, मुदी, मराङ र मल्कवाङलाई समेटेर धौलागिरी गाउँपालिका बनाउने निर्णय भएको छ । बेगखोला, भगवती, पिप्ले, दग्नाम, चिमखोला, कुइनेमंगले, पाखापानी र भिर्कैलाई समेटेर बनाइने रघुगंगा गाउँपालिकाको केन्द्र मौवाफाँट र पाखापानी मध्य एक ठाउँमा बनाउन सिफारीस गरिएको छ ।

बरंजा, अर्मन, कुहुँ र बाबियाचौरलाई समावेश गरेर बनाइने मंगला गाउँपालिकाको केन्द्र बाबियाचौर बनाउन प्रस्ताव गरिएको छ । दरबाङ बजारमा केन्द्र रहने मालिका गाउँपालिकामा दरबाङ, रूम, ओखरबोट, देविस्थान, बिम र निस्कोट गाविस प्रस्ताव गरिएको समितिले जनाएको छ ।

भौगोलिक, प्रशासनीक सुगमता, स्रोत साधनको उपलब्धता, जनसंख्या लगायत आयोगले तोकेको मापदण्डको आधारमा स्थानीय तहको प्रस्ताव गरिएको बैठकमा सहभागि नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक गोविन्द पौडेलले बताउनुभयो ।

आयोगले म्याग्दीमा ३ देखि ६ वटासम्म स्थानीय तह बनाउने संख्या निर्धारण गरेको थियो । पहाडी

बाँकी पृष्ठ ७ मा

पाहिरो नियन्त्रण योजना

ठेक्का बिगार्ने र प्रतिस्पर्धा हुन नदिने प्रयास

■ नवविकल्प

म्याग्दीको लाम्पाटा र फापरखेतको पहिरो नियन्त्रण गर्न साढे पाँच करोडको योजना सञ्चालन गर्ने तयारी भएको छ ।

एशियाली विकास बैङ्कको सहयोगमा जिविस अन्तरगत सञ्चालित विकेन्द्रित ग्रामिण पुर्वाधार निर्माण तथा जिविकोपार्जन सुधार कार्यक्रम (ड्रिलीप) मार्फत योजना सुरू गर्न लागिएको हो ।

बाबियाचौर ५ मा पर्ने लाम्पाटामा तिन करोड ५३ लाख ४७ हजार तथा बेनपा १३ तातोपानी र बाबियाचौरको सिमानामा पर्ने फापरखेतको पहिरो नियन्त्रण योजनाका लागि दुई करोड ८३ हजार १६५ रूपैयाँ खर्च हुने स्टीमेट छ ।

बेनी-दरबाङ सडक अन्तरगतको उक्त स्थानमा दिगो रूपमा पहिरो नियन्त्रण गरि नियमित सञ्चालन गर्न पृथ्वी राजमार्गको कृष्ण भिरको पहिरो रोकथामका लागि अपनाइएको प्रबिधि प्रयोग गरिने भएको छ ।

पक्कि पर्खाल संगै बायोईञ्जिनियरीङ गर्न लागिएको हो । नदी किनारमा कटान र माथिबाट खस्ने पहिरोका कारण विगत छ वर्षदेखि बर्खा याममा बेनी देखि पश्चिम क्षेत्रका बिस भन्दा बढी गाविस जोड्ने यो सडकमा सवारी आवागमन प्रभावित हुदै आएको छ ।

लाम्पाटाको पहिरो नियन्त्रणका लागि ड्रिलीप परियोजना मार्फत आर्थिक वर्ष २०६८/७० मा ८३ लाख रूपैयाँ खर्च गरेर तयार पारिएको पुर्वाधार नदी कटान र पहिरोका कारण नष्ट भई योजनानै असफल बनेको थियो ।

दुई वटै योजना निर्माणका १५ वटा निर्माण कम्पनीले ठेक्का प्रस्ताव गरेका छन् । अन्तिम म्याद शुक्रबारसम्म ईविडीङ मार्फत १० वटा र कार्यालयमा उपस्थित भएर पाँच वटा कम्पनीले प्रस्ताव दर्ता गरेका ड्रिलीपका ईञ्जिनियर शैलेन्द्र शाहले बताउनुभयो ।

बाँकी पृष्ठ ७ मा

टाइपिङ, सेटिङ र डिजाइनका लागि भरपर्दो ठाउँ

शर्मा डेस्कटप

बेनीबजार, म्याग्दी

मो.नं. ९८५७६२१५६०

प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

जि.सी. क्रसर उद्योग

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९-५२०५२०,

९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

STUDY & WORK IN **JAPAN**

Admission Open .....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**

for more detail visit us.....

S. Raj Language Institute (P) Ltd.

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

धुम्रपान र मद्यपानबाट टाढा रहौं,
सुखी र स्वस्थ्य जीवन बिताऔं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

5fbs/L

बाबियाचौरमा रक्तदान

■ नवविकल्प

म्याग्दीको बाबियाचौरमा तिहार पर्वको अवसरमा गत हप्ता रक्तदान कार्यक्रम सम्पन्न भएको छ । मंगला माविको भुपु विद्यार्थी समितिले आयोजना गरेको कार्यक्रममा २६ जनाले रक्तदान गरेका छन् । २१ जना पुरूष र ५ जना महिलाले रक्तदान गरेका आयोजकले जनाएका छन् । नेपाल रेडक्रस सोसाईटीद्वारा बेनीमा सञ्चालित रक्तसञ्चार गृह, मंगला माविको जुरेस र युरेसको सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो ।

समितिका अध्यक्ष करन कडेलको अध्यक्षता, सचिव दिनेश ढकालको सञ्चालन, उपाध्यक्ष निकेश खड्काको स्वागतमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि रेडक्रसको बाबियाचौर उपशाखाका सभापति नारायणबहादुर अधिकारी, विद्यालयका प्रअ गमबहादुर खत्री र शिक्षक हर्क छन्त्यालले मन्तव्य व्यक्त गर्नुभएको थियो । सो अवसरमा पुर्व विद्यार्थीहरूले मंगला माविलाई आठ हजार रूपैया सहयोग गरेका त्यहाँबाट राम पौडेलले जानकारी दिनुभयो ।

घराम्दीमा पुस्तकालय

■ नवविकल्प

प्रवासीको सहयोगमा म्याग्दीको हिस्तान गाविसको घराम्दी निमावीमा पुस्तकालय स्थापना गरिएको छ ।

विद्यार्थीको पढाईप्रती रूची बढाउने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो । पुस्तकालयमा पुस्तक खरिद र फर्नीचर व्यवस्थापनका लागि प्रवासीबाट चार लाख ३० हजार ६७२ रूपैयाँ सहयोग प्राप्त भएको प्रअ तिर्थबहादुर पुनले बताउनुभयो ।

हाल बेलायतमा रहेका घराम्दी र आसपासका गाउँका बासिन्दाहरूले पुस्तकालय स्थापनाका लागि सहयोग संकलन गरेर पठाएका थिए । पुस्तकालयमा पाठ्यक्रम, साहित्य, बाल साहित्य, ईतिहाँस, राजनिति, धर्म लगायत बिधाका करिब एक हजार थान पुस्तकहरू रहेका छन् ।

विद्यार्थीका अतिरिक्त गाउँका अभिभावक र युवायुवती पनि पुस्तकालयमा अध्ययनका लागि आउने गरेका छन् । सो विद्यालयले कम्प्युटर विषयको साथै अडियो र भिडीयोको माध्यमबाट समेत पठनपाठन गराउन थालेको छ । कक्षा ८ सम्मको पढाई हुने सो विद्यालयमा ५० जना विद्यार्थी रहेका छन् ।

इन्टरनेट विस्तारका लागि २८ लाख संकलन

■ नवविकल्प

म्याग्दीमा सबै बस्तीमा इन्टरनेट सुबिधा विस्तार गर्न बेलायतमा प्रवासीले अठ्ठाईस लाख रूपैयाँ जुटाएका छन् ।

म्याग्दी प्रवासी नेपाली संघ (मोना) बेलायतले दिपावली पर्वको अवसरमा गत आइतबार आयोजना गरेको रात्री भोज तथा देउसीभैलो कार्यक्रम मार्फत सो रकम संकलन भएको हो । पेशा, व्यवसाय र रोजगारीको शिलशिलामा बेलायत पुगेकाहरूले आफ्नो जन्मठाउँमा आधुनिक प्रबिधिको पहुँच पुऱ्याउन २८ लाख रूपैयाँ सहयोग गरेका मोना बेलायतका पुर्व अध्यक्ष एवं कार्यक्रम संयोजक योगकुमार फगामीले जानकारी दिनुभयो ।

"प्रारम्भिक रूपमा २८ लाख रूपैयाँ संकलन भएको विवरण प्राप्त भएको छ" पुर्व अध्यक्ष फगामीले भन्नुभयो "अझै सहयोग प्राप्त हुने क्रम जारी रहेकाले रकम बढ्न सक्छ । छिट्टै मोना अन्तराष्ट्रिय कार्यसमिति मार्फत जिविसलाई उपलब्ध गराउछौं ।" सो कार्यक्रममा म्याग्दी जिल्लाको मौलिक थाली, पुख्यौंली, सोरठी, सालैजो, सिरफुले भाकामा गित तथा नृत्य प्रस्तुत गरिएको थियो । जिविसले देशमै नमुनाको रूपमा सञ्चालन गर्न लागेको ईन्टरनेट सेवा विस्तार योजनाका लागि मोनाका विभिन्न देशमा रहेका कार्यसमितिहरूले सहयोग जुटाईरहेका छन् । हालसम्म करिब एक करोड सहयोग संकलन भएको मोनाले जनाएको छ ।

परिचयपत्र पाउँदा जेष्ठ नागरिक उत्साहित

■ नवविकल्प

परिचयपत्र वितरण हुन थालेपछि म्याग्दीका जेष्ठ नागरिक उत्साहीत भएका छन् ।

महिला तथा बालबालिका कार्यालयले परिचयपत्र वितरण गर्न थालेपछि जेष्ठ नागरिकहरू खुसी भएका हुन् । परिचयपत्रको आधारमा यातायात र स्वास्थ्य सेवामा छुट दिने सरकारले घोषणा गरेको छ ।

कार्यालयले हालसम्म म्याग्दीका ६२ जना जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिसकेको छ । ६० वर्ष पुरा उमेर पुगेका जेष्ठ नागरीकलाई प्रत्येक महिनाको २ गते महिला तथा बालबालिका कार्यालयबाट परिचत्रपत्र दिने गरिएको छ ।

परिचयपत्र भएका जेष्ठ नागरिकले यातायात र सरकारी अस्पतालमा उपचार गर्दा पचास प्रतिशत छुट सुबिधा पाउने जेष्ठ नागरिक समाजका अध्यक्ष नैनकुमार श्रेष्ठले बताउनुभयो । सिमित मात्रामा परिचयपत्र प्राप्त भएकाले पहिलो चरणमा सदरमुकाम वरपरका जेष्ठ नागरिकलाई मात्र वितरण गरिएको कार्यालयले जनाएको छ ।

मन्त्रालयबाट थप परिचयपत्र ल्याएर सबै जेष्ठ नागरिकलाई वितरण गर्नुपर्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो । वि.स २०६८ मा भएको गणगणना अनुसार एक लाख १३ हजार जनसंख्या रहेको म्याग्दीमा जेष्ठ नागरिकको संख्या आठ प्रतिशत छ ।

छठपर्व-२०७३को हार्दिक शुभकामना

फोटो कथा

सन्तोष गौतम

पराल दाइँ हाल्दै : बेनी नगरपालिका १ रत्नेचौरमा दाइ हाल्दै गरेका कृषक र पृष्ठ भुमिमा देखिएको धौलागिरी हिमालको दृष्य । दसैं तिहार लगतै पहाडी क्षेत्रका कृषकहरु खेतबारीको काममा व्यस्त भएका छन् ।

परिश्रमी कृषक : यस वर्षको उत्कृष्ट राष्ट्रपति कृषक पुरस्कार पाएका बेनपा १ का निरबहादुर थापाले भुवाने फाँटमा गरेको व्यवसायिक तरकारी खेती । दश रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गरेका थापाले वार्षिक चार लाख बराबरको आम्दानी हुने बताउनुहुन्छ ।

नेपाल सम्वतको स्वागत : नेपाल सम्वत ११३७ को स्वागतमा नेपाल भाषा मंका खल म्याग्दीले नेवारी भेषभुषा र झाँकी सहित निकालेको च्याली ।

तिन करोडका सिँचाई आयोजना

■ नवविकल्प

म्याग्दी जिल्लामा यस वर्ष सिचाई सुविधा विस्तारका लागि तिन करोड रूपैयाँ बजेट प्राप्त भएको छ ।

सिँचाई विकास सब डिभिजन कार्यालय म्याग्दीले सञ्चालन गर्ने विभिन्न २४ वटा योजना तथा कार्यक्रमहरूका लागि सो बजेट प्राप्त भएको हो ।

सबैभन्दा धेरै मभौला सिचाई आयोजना शिर्षकमा १० वटा योजनालाई दुई करोड ४० लाख रूपैयाँ बजेट प्राप्त भएको सब डिभिजन प्रमुख ईञ्जिनियर रमेशराज शर्मालि जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको अर्मन ३ को छिस्वाङ सिचाई योजनालाई पैचालिस लाख, बेनपा ३ को अधेरीखोला सिंधालीलाई नौ लाख ६१ हजार, बाबियाचौरको रणवाङलाई छ लाख साठी हजार रूपैयाँ प्राप्त भएको छ ।

दरवाङ ३ को दुखुबेशीलाई तिस लाख ७२ हजार, कुहुँ ३ को घट्टेखोलालाई पन्ध्र लाख, अर्मनको पिपलबोट सेराफाँटलाई बाह लाख, बेनपा ६ को दाढिखेत थाकन मुलाबारीलाई बिस लाख, सिमलचौरको नेवारेखोला र नारच्याङको स्वाराफाँट सिचाई आयोजनालाई बिसरबिस लाख रूपैयाँ बजेट छुट्टिएको छ । नयाँ प्रबिधिमा आधारीत बेनपा ६ तिनमानेको गोवनि पानी, बेनपा ६ को अग्नीखेतलाई सात सात लाख, ज्यामरूककोटको भुनेफाँट थोपा तथा फोहरालाई छ लाख र बैसरी भुनाएफाँट सिचाई आयोजनाका लागि एक लाख बजेट प्राप्त भएको कार्यालयले जनाएको छ ।

मर्मत सम्भारका लागि मुनाको दरखोला, बेनपा १ को सारेमारे, बेनपा ५ को दोभान, बाबियाचौरको सिम गाउँ सिचाई प्रणालीलाई चाररचार लाख, बेनपा १३ को तातोपानी सिचाई प्रणालीलाई पाँच लाख र बरंजाको नयाँ खोला दह सिचाइ योजनालाई तिन लाख बजेट प्राप्त भएको छ ।

रत्नेचौरको तेईस साले सिचाई योजनालाई तिन लाख रूपैया प्राप्त भएको छ । उपभोक्ता समिति र ठेक्का मार्फत आयोजना सञ्चालन गरिने सब डिभिजन प्रमुख ईञ्जिनियर शर्माले बताउनुभयो । म्याग्दीमा खेतीको लागि प्रयोग भएको १६ हजार ४६८ हेक्टर क्षेत्रफल जमिन मध्य २२ प्रतिशतमा न्यवस्थित र नियमित सिचाई सुविधा उपलब्ध छ ।

पर्यटकको पर्खाइमा टिकोट गाउँ

■ नवविकल्प

भिरालो पाखोमा गुजुमुज्ज परेका ढुङ्गे घर, घरको कोठाबाटै पृष्ठभुमिमा लहरै देखिने हिमशृङ्खला, अग्ला पहाड, शान्त वातावरण र वरपरका जंगल । विभिन्न हिसाबले प्रशस्त पर्यटकीय सम्भावना बोकेको मगर समुदायको बसोबास रहेको म्याग्दीको हिस्तान ३, ४ र ५ नम्बर वडामा पर्ने टिकोट गाउँ पर्यटकको पखाईमा छ । प्राकृतिक सौन्दर्य र मगर संस्कृतीले भरिपूर्ण टिकोट गाउँ प्रचारप्रसारको कमीले ओझेलमा परेको हो ।

समुन्द्रि सतहदेखि दुई हजार मिटर भन्दा बढी उचाईमा पहाडको टाकुरामा अवस्थित टिकोट गाउँबाट गुर्जा, धौलागिरी, निलगिरी र अन्नपूर्ण हिमालको रमणीय दृष्य अवलोकन गर्न सकिन्छ । होमस्टे (घरबास), मगर समुदायको मौलीक कला र संस्कृती, अर्गानीक खानाका परिकार पनि टिकोट गाउँको थप बिशेषता रहेको स्थानीय बासिन्दा टेकबहादुर पुनले बताउनुभयो ।

उहाँका अनुसार टिकोट गाउँदेखि करिब बिस मिनेट उकालो पैदल हिडेपछि पुगीने पञ्चेवल डाँडाबाट म्याग्दी, पर्वत र बागलुङका ग्रामिण बस्ती, पहाडी भुगोलका साथै सुर्योदय र सुर्यास्तको दृष्य अवलोकन गर्न सकिन्छ ।

मगर समुदायको मौलीक पुख्यौली, ख्याली, सोरठी, सिरफुले, सालैलो गित र नृत्य टिकोट गाउँको थप आर्कषण हो । पुर्वाधार समेत तयार भएपनि प्रचारप्रसारको कमीले गर्दा अपेक्षाकृत पर्यटक आगमन हुन नसकेको स्थानीय टिकोट माविका प्रअ प्रदिप पुनले बताउनुभयो ।

उहाँका अनुसार अन्नपूर्ण धौलागिरी सामुदायीक पर्यावरणीय पदमार्गमा समेटिएको टिकोट गाउँमा वार्षिक एक सय ५० जनाको हाराहारीमा बिदेशी पर्यटक आउने गरेका छन् । यो पदमार्गको भ्रमणमा आउने पर्यटकहरू मोहरे, फुलबारी, प्यारीबाराही तालको समेत अवलोकन गर्न पाउँछन् ।

गाउँमा आउने पर्यटकको सुबिधाका लागि सामुदायीक लज र आठ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ । सामुदायीक लजमा खाना खाने र होमस्टेमा बास बस्ने सुबिधा रहेको छ । पर्यटकलाई फुलमालाले स्वागत गर्ने टिकोट बासीले मौलीक गित तथा नृत्य समेत देखाउने गर्छन् ।

आलु, ढिडो, साग, फापरको रोटी लगायत स्थानीय परिकार खुवाउने गर्छन् । सडक समेत पुगेको टिकोट गाउँमा वाईफाई ईन्टरनेट चलाउन सकिन्छ । सदरमुकाम बेनीदेखि तिप्ल्याङ, महभिर हुदै करिब तिन घण्टा कच्चि बाटोमा गाडीको यात्रा गरेपछि टिकोट पुग्न सकिन्छ ।

टिकोट भ्रमणमा आउने पर्यटकहरूलाई दृष्यअवलोकन सुबिधाका लागि पञ्चेवल डाँडामा भ्यु टावरको निर्माण गर्ने तयारी भएको छ । सो स्थानमा स्थानीयबासीको पहलमा हालै छ लाख रूपैयाको लागतमा पिकनिक स्पट, सार्वजनिक शौचालय र पदमार्ग निर्माण गरिएको थियो ।

म्याग्दीमा पर्यटन

सम्भावना छ, पूर्वाधार छैन

धौलागिरि आइसफल पदमार्ग, बरञ्जाको झाँक्रेपानी, कुहुँ, झर्री र पाल्लेखेत गाविसको सीमा क्षेत्र समेटिएको टोड्के धुरी, दरबाङ बिम र पाखापानी गाविसमा पर्ने मालिका धुरी, लुलाङको जलजलाको लेक, गुर्जाघाट, राखु र बेग क्षेत्रमा समेटिएको रुइसे, प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा तातोपानी कुण्ड, रूप्से झरना, अन्ध गल्छि, खयरबराही ताल, निष्कोट ताल लगायतका स्थान पर्यटकको पर्खाइमा छन् ।

- कमल खत्री

राउन्ड धौलागिरि पदमार्ग अन्तर्गत म्याग्दीको सिवाडमा टेन्ट बनाउँदै पर्यटकहरु ।

म्याग्दीमा अग्ला र मनोरम हिमशृङ्खला, जैविक विविधतायुक्त भौगोलिक बनावट, परम्परागत कला र मौलिक संस्कृति पर्यटन विकासको आधारको रूपमा रहेको छ ।

म्याग्दीका ऐतिहासिक र पुरातात्तिक महत्व बोकेका धार्मिक स्थललाई समेटेर धार्मिक पर्यटन, ठूला नदी म्याग्दी र कालीगण्डकीमा ह्याफ्टिङ र अग्ला झरनामा साहसिक क्यानोइङको समेत उक्तिकै सम्भावना छ ।

अहिले अन्नपूर्ण फेरो र अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गले समेटिएका उत्तरी राम्चे, शिख, घार, नारच्याङ, भुरुङ तातोपानी लगायतका गाविसमा रहेका पर्यटकीयस्थल र राउन्ड धौलागिरि पदमार्गमा भ्रमणका लागि पर्यटक केही मात्रामा भित्रने गरेका छन् । तर जिल्लाभित्र प्रचुर पर्यटन सम्भावना बोकेका अन्य स्थानहरू ओझेलमा परेका छन् ।

धौलागिरि आइसफल पदमार्ग, बरञ्जाको झाँक्रेपानी, कुहुँ, झर्री र पाल्लेखेत गाविसको सीमा क्षेत्र समेटिएको टोड्के धुरी, दरबाङ बिम र पाखापानी गाविसमा पर्ने मालिका धुरी, लुलाङको जलजलाको लेक, गुर्जाघाट, राखु र बेग क्षेत्रमा समेटिएको रुइसे, प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा तातोपानी कुण्ड, रूप्से झरना, अन्ध गल्छि, खयरबराही ताल, निष्कोट ताल लगायतका स्थान पर्यटकको पर्खाइमा छन् ।

त्यस्तै, मुक्तिनाथको प्रवेशद्वारका रूपमा गलेश्वरधामसँगै माहारानीथान, मालिका धुरी लगायतका क्षेत्रमा धार्मिक पर्यटक बढ्न थाले पनि रावणको जन्म भएको ऐतिहासिक ठाउँ पछै क्षेत्र, प्राचीन इतिहासको मुख्य अवशेषका रूपमा रहेको जगन्नाथ मन्दिर, ऐतिहासिक धार्मिकस्थल कुडनेमङ्गलेको रिखार क्षेत्र, भकिम्लिको स्वर्गाश्रम लगायतका महत्वपूर्ण धार्मिकस्थलको प्रचार-प्रसार नहुँदा सोचेअनुरूप धार्मिक पर्यटन विकास हुन नसकेको सरोकार राख्ने निकायहरु बताउँछन् ।

जिल्लाभित्र थुप्रै पर्यटकीय सम्पदा रहे पनि आन्तरिक न्यवस्थापन नहुनु, न्यवस्थित पदमार्ग नहुनु, स्थानीयवासीको निष्क्रिय हुनु, होमस्टे सञ्चालनमा नआउनु, प्रचार-प्रसार नहुनु, पर्यटक सूचना केन्द्र नबन्नु, सुरक्षा चुनौती रहनु लगायतका कारण म्याग्दीमा पर्यटन विकासका सम्भावना उजागर हुन नसकेको म्याग्दी उद्योग वाणिज्य सङ्घका महासचिव राजेश शाक्यले बताउनुभयो । धौलागिरि हिमाल, गुर्जा हिमाललगायत अन्नपूर्ण हिमालको प्रथम आधार शिविरसमेत म्याग्दीमै पर्छ ।

पर्यटन विकासको अथाह सम्भावना भएर पनि अहिलेसम्म यस क्षेत्रको विकासले द्रुत गति लिन नसक्नु विडम्बना भएको टोड्के क्षेत्र विकास कोषका सदस्यसमेत रहेका बेनीका होटल न्यवसायी बाबुराम आचार्यले बताउनुभयो । "हामीले जिल्लामा भएको सम्भावनालाई समेत बाहिर ल्याउन सकेका छैनौं, सम्भावनाको उजागर गर्ने र अत्यावश्यक पूर्वाधार मात्रै तयार गर्न सकिए जिल्लामा वार्षिक रूपमा हजारौं पर्यटक घुमाउन सकिन्छ," उहाँले भन्नुभयो ।

जिल्लाको पर्यटन विकासका लागि विभिन्न सङ्घसंस्था गठन भए पनि कुनै संस्थाले पनि नेतृत्वदायी तवरले पर्यटन गतिविधि सञ्चालन गर्न नसक्नु र सरोकारवालाबीच आपसी समन्वय नहुनु मुख्य समस्या रहेको उहाँको भनाइ छ । घोडेपानी, खोप्रालेक, नागी, तातोपानी, राउन्ड धौलागिरि लगायतका क्षेत्रमा वार्षिक २० हजारभन्दा बढी पर्यटक भित्रने गरे पनि अहिलेसम्म जिल्लाको पर्यटकीय क्षेत्रको प्रचारप्रसारका निम्ति जानकारीमूलक पुस्तिकासमेत बनाएको भेटिँदैन ।

कालीपुलमा जिविसको लगानीमा पर्यटक सूचना केन्द्र भवन निर्माण गर्न सुरू भए पनि पूर्णता पाउन सकेको छैन । जिल्लाको कुन-कुन स्थानमा पर्यटकीय क्षेत्र छन् ? तिनको विशेषता के छ ? भ्रमणका लागि खर्चनुपर्ने समय कति हो ? यी विषयका सूचना तथा जानकारी उपलब्ध गराउन नसकेसम्म पर्यटन विकासले गति लिन नसक्ने म्याग्दी उद्योग वाणिज्य सङ्घका महासचिव शाक्य बताउनुहुन्छ ।

हाल मुलुककै एक मात्रै ढोरपाटन सिकार आरक्षले म्याग्दी राउन्ड धौलागिरि पदमार्गसँगै साहसिक पदयात्रा 'गुरिल्ला ट्रेक' र अन्नपूर्ण फेरोको केही भाग समेटेको छ । प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ प्रवेशद्वारका रूपमा समेत यसलाई चिनिन्छ । जिल्लाको पर्यटन विकासका लागि कुनै पनि पहल नभएको भने पक्कै पनि होइन । पर्यटन रोयल्टीबाट आउने रकम जिल्ला विकास समितिले हरेक वर्ष पूर्वाधार निर्माणमा खर्चिने गरेको छ ।

त्यसका साथै गाविस, जिविस, नगरपालिका, पर्यटन कार्यालय र मन्त्रालयबाट समेत पदमार्ग विश्रामस्थल, ऐतिहासिक सम्पदाको जीर्णोद्धार लगायतका कार्यमा लगानी हुँदै आए पनि त्यो पर्याप्त देखिँदैन । म्याग्दी 'टुरिजम हब'का रूपमा विकास गर्ने लक्ष्यसहित जिविसले दुई वर्षअगाडि पर्यटन गुरूयोजनासमेत निर्माण गरेको छ । तर पर्यटकीयस्थलमा बास बस्ने होटल, न्यवस्थित पदमार्ग, सञ्चार सुविधाजस्ता अत्यावश्यक पूर्वाधार र सुविधाको अभाव तथा आवश्यक प्रचारप्रसार भएको छैन् ।

हिमशृङ्खला र रमणीय स्थलको दृश्यावलोकन र धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको म्याग्दीमा पर्यटन प्रवर्द्धनका लागि प्रचारप्रसार र पूर्वाधारको अभावका साथसाथै जनस्तरमा चेतनाको अभाव चुनौतीका रूपमा रहेको धौलागिरि पर्यटन परिषद्का अध्यक्ष अमर बानियाँले बताउनुभयो ।

■

अब तपाईँले मात्र एक क्लिकमा पाउनुहुनेछ – विभिन्न राष्ट्रिय, स्थानीय समाचारका साथमा नवविकल्प साप्ताहिकको इ–पेपर पनि ।
Login गर्नुहोस्
www.bikalpanews.com
gjljsNk ;fktflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबुकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

सामुदायिक विद्यालयमा सुधार

DofUbLdf /x]sf ;fdbflos ljBfnox? qmdzM ;Wf/pGdv bl]vPsf 5g\. :yfgLox?sf]hfu?stf / ;s[tfn]kl5Nnf sx]L jif{tf ;fdbflos ljBfnosf] Joj:yfksLo cj:yf / ljBfyL{x?sf]l;sfO{pknAwLdf ;Wf/sf] ;+s]t bl]vg yfn]sf] xf] . ljBfnsf] eflt{s kjf{wf/ lgdf{0fdf :yfgLox?sf]nufgL j[4 ePsf]5 . To;}sf sf/0f lhNnfdf sx]L ;fdbflos ljBfnox? gd'gf 5g\. o:t}DofUbLsf rf/ ufLj;df /x]sf ;fdbflos ljBfnon] gofFk|ljlwsf]ljsf; u/]sf 5g\. h;n]ljBfyL{x?sf]l;sfO{pknAwL a9]sf]5 . lt ljBfnox?sf] sIffsf]7fdf zJ}Ifs ;fdfu|x?n] eml;lemsfp ag]sf 5g\. o;n]lx:tfg, /fDr,]lzv / 3f/df /x]sf @$ j6f ljBfnosf]zJ}Ifs cj:yfdf pNnV]vlgo kl/jtg{ bl]vPsf]5 .

ljBfyL{df k9fO{k|t ?rL / l;sfO{pknAwL a9fpg zJ}Ifs ;fdfu|sf]kb{zgL pkof]uL bl]vPsf]5 . sIffsf]7fsf]jftfj/0f /dfO{nf]agfP/ afnafnLsfsf] l;sfO{nfO{;Wf/ ug{[p2]Zon]zJ}Ifs ;fdfu| ;hfj6 ul/Psf]ljBfnox?n]hgfPsf 5g\. dflj / pRrdflj tx afx]s ;a}sIf sf]7fsf leQf, eml0fn bl]v lar efudf /;L tfg]/ sfuhdf ljleGg ljifo;+u ;DalGwt rf6,{lrq, tYofª\s, afSox? n}v]/ em08fOPsf]5 . Xofªulª sf8,{rf6,{kfl]6/, pkl:ytL kf6L, Sofn08/ agfpg]ul/Psf]5 . kb{zgL ul/Psf zJ}Ifs ;fdfu|n] ljBfyL{df}nL jftfj/0f l;hg{f eO{ljBfyLn{fO{a'emfpg ;lhnf]ePsf]lzIfs / ljBfyL{ldn]/ sIf sf]7fdf kf7sf];Gbe{ cg';f/sf ;xofu]L zJ}Ifs ;fdfu| tof/ u/]/ kb{zg u5g{\. o;n]lzIfs, ljBfyL{df l;hg{lzntfsf]ljsf; ePsf]5 .lzIfsx?sf cg';f/ ljBfyLn{]ga'em]sf]/ la;L{]sf]s'g}jifodf sIf sf]7fdf kb{zg ul/Psf];fdfu|af6}l;Sg]cj;/ kfPsf 5g\. eflifs l;kljsf;, 1fg / k9fO{k|t ?rL a9fpg zJ}Ifs ;fdfu| pkof]uL ePsf]5 .

zJ}Ifs ;fdfu|sf]kb{zgL dfkm{t ul/g]lzIf0f cEof;sf] cjnf]sgsf nflu lhNnfsf cGo ljBfnoaf6 e|d0fdf cfpg]u/]sf 5g\. lhNnfsf pQ/L eusf ljBfnox?n]kb{u u/]sf]lzIf0f ljlw cGo ljBfnox?n]klg l;sf]ug{;sd]f zJ}Ifs pknAwL a9'g]bl]vG5 . ;fdbflos ljBfnox?n]zJ}Ifs uf0f:t/ j[4 ug{sf nflu Pscfk;df cg'ej cfbfgkbfg ug{g]{bl]vG5 . lhNnfsf ljs6sf ljBfnox?df kl5Nnf];do ljBfnox?sf]/fd|]Joj:yfkg bl]vPsf] 5 eg];b/d'sfd j/k/sf ljBfnox?df cem};Wf/ xg';s]sf]5g\ . ljBfno Joj:yfkgdf bl]vPsf]:yfgLo ;dbfosf]nufj / nufgLnfO{lbuf]agfpgsf nflu ;/f]sf/jfnf lgsfox? Wofg lbg h?/L 5 . /fd|] sfd ug{nfO{k'/:s[t ug{;+sf/sf]ljsf; xg';sd]f ;dbfodf pT;fx j9\5 . otf lt/ klg Wofg hfg h?/L 5 .

l6Kk0fL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

छोराछोरीलाई समय दिनुपर्छ

... मैले एक जना मेरो छिमेकीको बच्चालाई सोधें" बाबु तिमी भोलि पर्सि ठुलो भए पछि के हुने हो ?" उसले निर्धक्कसँग भन्यो 'म सरकारी राँगो काट्ने मान्छे हुने हो च्वाट्ट छिनाल्ने हो" मलाई क्या गजब लाग्यो । उसको निजी बिचार हो यो । दशैमा कोटघरमा राँगो छिनाउने मान्छेलाई पगरी गुथाएर काँधमा चढाई गाउँ डुलाएको उसले देखेको छ ।

- कृष्ण जि.सी.

बालबालिका अभिभाबकका सपना हुन । आफ्नो जिबनकालमा असम्भव प्राय ठानिएका या त गर्न नसकेका कुरा आफ्ना बालबालिका (छोरा छोरी) माथि देख्न थालिंदो रहेछ सायद । यो कुरा म या म जस्तै अन्यमा पनि भएको हुनु पर्दछ । बाबुआमाले छोरा छोरीमाथि सपना देख्नु कुनै गल्ति या अपराध पकै हैन तर पुरा हुने सपना देख्दै छौ या आफ्नो सपना साकार पार्न उनीहरूलाई सहि मार्गनिर्दशन पनि गर्दै छौ भन्ने चासोको बिषय हो । सपना लाइ अर्को शब्दमा भिजन भन्दा सायद फरक नपर्ला किन कि भिजन भयो भने मात्रै त्यहाँ पुग्न मार्ग प्रसस्त गर्न सकिन्छ ।

हामी कहिलेदेखि बालबालिका माथि सपना देख्न थाल्दछौं रू अभिभाबाक सबैलाई यसको अनुभब छ । जब बच्चा जन्मन्छ तब नै हामि उसलाई विभिन्न उपमा दिन सुरू गद्छौं । बिभिन्न स्वरूपमा देख्दछौं त्यसो त प्रत्यक दम्पतिलाई सबैभन्दा ठुलो कुरो उनीहरूको सन्तान पैदा हुनु मै लाग्छ । एक नवजात शिशु आमाको न्यानो काखमा गुट्मुटिदै स्तनपान गरिरहेको हुन्छ । उसका कोमल आँखाले आमाको मुहार नियाली रहेको हुन्छ । आमाले आफ्नो शिशुलाई स्तनपान गराइ रहदा मायालु स्पर्स गर्छिन । आफ्नो सबैभन्दा प्रिय बस्तु संग अनि बुन्न थाल्छिन उनका सपना 'म मेरो बच्चालाई डाक्टर पाइलट इन्जिनियर बनाउछु अनि हाम्लाई शुख दिन्छ, दिन्छे यस्तै धेरै सपनाको बिस्कुन सुकाउन थाल्छिन आमाले । यदि बाबु नजिकै छन् भने संगै बसेर त्यो नवजात शिशुका शरिरका भिभिन्न अंगको तुलना गर्न थाल्छन 'यी हेर त यसका हातखुट्टा ठ्याक्कै मेरा जस्ता आँखा तिम्रा जस्ता टाउको उसको जस्तो यो उ जस्तो त्यो त्यो जस्ता धेरै तुलनात्मक कुराहरू हुन्छन ।

सायद श्रीमान र श्रीमतीका बिचमा के बनाउने, उसलाइ भबिस्यमा कुन रूपमा देख्ने निकै लमो बहस हुन सक्छ । यसमा आमाको कुनै दोष छै न के आमाले यी सबै कुरा भन्न नपाउनु र आफ्ना भावना ब्यक्त गर्न नपाउनु ? हाम्रो समाजले कोरेको सम्पन्ता विपन्नता धनि गरिब आदिका आफ्नै रेखा छन् जसलाई मेताउनुको सट्टा झन् गाढा पारिदै छ । यदि धनि सम्पन्न परिवारमा जन्मेको शिशु हो भने ठुला ठुला सपनाको महल तयार हुन्छ यदि सामान्य परिवारमा जन्मेको शिशुहो भने आफुले पुरा गर्न नसकेका या पुरा नभएका जीवनका अंशहरू तिनै शिशुमा सपना रूपी जालो बुनिरहन्छौं ।

एउटा अबोध बालक आमालाई सबैभन्दा पहिला चिन्दछ अनि बाबुलाई । यस्तो अबस्थाको कलिलोमुना लाइ हामि सिंगो रूख अनि घरको दलिन देखिरहेका हुन्छौं तर त्यो निरिहलाई थाहा छैन उ कुन रूपमा प्रास्तुत हुनेछ । जबा हुर्कदै जान्छ बढ्दै जान्छ अनि तोतेबोले बोल्न थाल्छ त्यो दिन देखि हामीले आफ्नो बालबालिकालाई मेरो बाबु के बन्छ ? डाक्टर पाइलट इन्जिनियर बन्छ भनेर सिकाउछौं । उसले जानी नजानी त्यहि पदावली भानिरहन्छ हामि खुसीले गद्गद् हुन्छौं । यति सम्म उसलाई बाध्य पार्छौं २।४ जना पाहुना आए भने उनिहरूको अगाडी मेरो नानु बाबु के बन्ने रे ? उसले मन नलागी नलागी त्यहि उत्तर दोहोर्याई रहन्छ हामी मक्ख पर्छौं ।

हो हरेक बाबुआमाले आफ्नो सन्तान राम्रो भएको देख्न चाहन्छ । धन दौलत शुख शयल पूर्वक जीवन बिताओस यस्तै .चाहना हामि सबैको हुन्छ । हामी किन डाक्टर पाइलट र इन्जिनियर मात्रै भएको देख्न चाहन्छौं आफ्नो सन्तानलाई ? के समाजमा ति पद बाहेक अन्य पद छैनन् किन किसान बन्छु समाजसेबी, शिक्षक, सरकारी कर्माचारी कुसल राजनीतिज्ञ भन्न सिकाउदैनौ ? किनकि हामी सबै लाई सानो हुन मन पर्दैन यसमा हाम्रो कुनै गल्ति छैन । सानो हुने सोचाई राख्नु नै हुदैन ठुलो महान ब्यक्ति बन्ने इरादा राख्नु पर्छ र कर्म पनि सोहि अनुरूप हुनु पर्दछ यो कटु सत्य हो झैँ लाग्दछ मलाइ ।

अब फेरी सपना कै सुरूङ्ग भित्र छिरौं । तपाइँ हामीले आफ्ना सन्तान उपर देखेका सपना सार्थक बन्दैछन ? एक एक गरेर केलाउँ हाम्रा ति कुरा के तपाई हाम्रा नानिबाबुहरू हामीले देखेको बाटोमा छन् ? डाक्टर बन्ने इन्जिनियर पाइलट मात्रै बन्ने खालका भएका छन् ? हुन पनि सक्छन र नहुन पनि । भए राम्रो नभए अब बहस गरौ ँ किन हुन सकेनन ? कहांनेर तपाई हामि अभिभावक चुक्यौं र कहानेर नानिबानुहरू चुके ? यसको बिष्लेशण गर्न जरूरि छ । मैले एक जना मेरो छिमेकीको बच्चालाई सोधेँ बाबु तिमि भोलि पर्सि ठुलो भए पछी के हुने हो ?' उसले निर्धक्कसँग भन्यो 'म सरकारी राँगो काट्ने मान्छे हुने हो च्वाट्ट छिनाल्ने हो ' मलाई क्या गजब लाग्यो । उसको निजि बिचार हो यो । दशैमा कोटघरमा राँगो छिनाउने मान्छेलाई पगरी गुथाएर काँधमा चढाई गाउँ डुलाएको उसले देखेको छ । उसलाई यो सबैभन्दा वाहि वाहि पाउने काम हो जस्तो लागेको छ अब उसलाई डाक्टर बन्नु पर्छ नि बाबु भनेर मैले भने उसले भन्यो डाक्टर बनेपछि पनि राँगो काट्न पाइन्छ र अंकल ?' हैन बाबु डाक्टर बने पछी काट्को सिलाउने जोड्ने मान्छे बनिन्छ । उसले मान्न तयार नै भएन । त्यसैगरी मैले अर्को बच्चालाई सोध 'नानु तिमि ठुली भएपछी के हुन्छ्यौ ?' उनले भनिन"म त ब्युटी पार्लर खोल्छु अनि धेरै पैसा कमाउछु ँ यत्तिकैमा उनकी आमाले गालि गर्न थालिन नक्कली पढेर त डाक्टर पाइलट पो बन्नु पछ' ।

यी दुई केवल उदाहरण मात्र हुन् यस्ता धेरै बिचारोक्ति भेटिन्छन उनीहरूले स्वबिबेकले जे भने त्यसमा कुनै दबाब छैन र दबाब दिईरहनु पर्छ जस्तो पनि लाग्दैन मलाइ । बालबच्चालाई समाजमा हरेक पेशा ब्यबसाय पद र ब्यक्तित्वको बारेमा जानाकारी दिने हो उनीहरू जे बन्न पनि सक्छन जे काम गरिन्छ त्यसमा सुफल लिने चेस्टा गराउनु पर्छ हामि अभिभाबकहरूले । अब तुलना गरौं तपाई हामि केटाकेटी हुदा र अहिले अभिभाबक हुदा कति कुरामा के कस्ता परिबर्तन आएका छन् । आजकलका बालबालिकामा आएको सोच्ने शैली र तपाई हाम्रो बाल्यकाल हेर्यो भने आजकलका केटाकेटिहरू अब्बल छन् । सिमित श्रोत साधन, संकुचित सामाजिक जिबन, साँघुरो संस्कारमा हामि आफुलाई संघर्ष गर्दै यो स्थानमा आइ पुग्यौं । अहिले बालबालिकालाई उनीहरूको इच्छा शक्ति क्षमताको कदर गर्न जरूरि छ तर हामीले आत्म मुल्यांकन गर्नु पर्ने अबस्था के हो भने हामिले डाक्टर पाइलट बन्नै पर्छ है मेरो नानि बाबु भनेका सबै सोहि अनुसार भएका छन् त ? छन् भने कसरि भए अरूलाई पनि त्यो तरिका शैली आदि बारे सिको गर्न लगाउं यदि भएका छैनन् भने किन कसरि भएनन् ? कहाँ नेर कसको के कमजोरी रह्यो बिष्लेशण गर्नु जरूरि छ । तपाई हामीले आफ्ना नानिबाबुहरू प्रति देखेको सपना त्यसलाई म भिजन भन्न रूचाउन्छु, त्यता तिर छन् या छैनन् सचेत हुन जरूरि छ । एउटा बालबालिकाको सुनौलो भबिस्य प्रति अभिभावकको जिम्मेवारी उत्तरदायित्व र कर्तब्य पुरा भयो कि भएन त्यो प्रत्येक दिन मुल्यान्कन हुनु जरूरि हुन्छ ।

आफ्ना नानीबाबुहरूलाइ दुइ छाक खान दिएर बिद्याल पठाउंदैमा उनीहरूका इच्छा चाहना पुरा गर्दैमा अभिभाबकका सपना पुरा हुन सक्दै न । उनीहरू सहि मार्गमा छन् कि छै नन् भन्ने कुरा प्रत्येक दिन प्रत्येक, पल अनुगमन हुनु जरूरी छ । बर्तमान समयमा सामाजिक शैली फरक छ । समाज परिस्कृतिक बन्दैछ यसका साथै अनेकौं सामाजिक समस्याहरू देखापरिरहेका छन् त्यसप्रति सचेत हुनु जरूरि छ । पढाइ प्रति अरूचि पैदा हुदै गैरहेको देखिन्छ आजकलका नानिबाबुहरूमा । एक त सुनिश्चित भबिष्य नदेखेको भाबानुभुती सुन्न पाइन्छ भने अर्को तिर अभिभाबकत्वको कमि । दिनानुदिन समाचार आइरहेका हुन्छन अभिभाबकको संरक्षण नभएका बालबालिकाहरू गलत बाटोमा हिड्न थालेको गलत संगत, दुर्ब्यसनी, चोरी डकैति आदि जस्ता घटनामा संलग्न भएका छन् भनेर यसमा दोष कसको ? हामीले सानोमा डाक्टर बन्छ भनेका नानिबाबुहरू सिगरेटका खिल्लि संगै चिकित्सा विज्ञानलाई चुनौती दिइरहेका छन, इन्जिनियर बन्छ भनेका ब्यक्तिहरू हतियारधारी समूह निर्माण गर्दैछन अफिसर बंन्छ भनेका युबा युबतीहरू दिन दहाडै चोरि डकैतिमा सामेल बन्दैछन यी र यस्तै घटनालाई शुक्ष्म अध्ययन गर्ने हो भने अभिभाबकत्व गुमाएका धन दौलतले पुरिएका र पारिबारिक संस्कार बिहिनाताका कारण हुन् भनेर जानाकारहरू बताउछन् ।

बालबालिकाको लागि पहिलो बिद्यालय भनेको घर हो । संस्कार सिक्ने भनेको घर हो त्यसैले घरमा अभिभावकले आफ्ना कलिला नानिबबुहरूलाई ठुला ठुला मान्छे बनाउने सपना देखाउनु र देख्नु मात्रै हैन सोहि अनुसार जिम्मेवारी बहन गर्नु पर्छ । रक्सीले मातेर घरमा पुगेर छोरा छोरीलाई रक्सि खान हुन्न भन्ने बाल बच्चाको अगाडी चुरोटको धुवा उडाउदै यो गलत हो धुमपान गर्नु हुदै न भन्ने गरेका धेरै उदाहरण छन् । प्रत्येक परिबार सचेत र सु संस्कृत हुने हो भने समाज सुसंस्कृत र सभ्य बन्छ त्यसैले सीकाउने घर परिबार र समाज हो । त्यसैले प्रत्येक अभिभावक बालबालिकालाइ डाक्टर इन्जिनियर पाइलट सामाजसेबी शिक्षक किसान ब्यबसायी आदि जस्ता ब्यक्ति बनाउने भनेर सिकाउने घोकाउने र सपना देख्ने देखाउने मात्रै नभई निरन्तर अनुगमन सुपरिबेक्षण र मर्गनिर्दशन गर्न जरूरि छ ।

हरेक क्षेत्र चुनितिपुर्ण छ अझै बिद्यालयमा अध्यापन गराउन धेरै कठिन छ । बालबालिकाको मनोविज्ञान नबुझी असल खराब जान्ने नजान्ने उपमा दिएर पढाउने बुर्जुवा शैली छ भने अभिभावकलाई बिद्यालय पठाए पछी छोरा छोरी प्रथम नै हुनु परेको छ । चौबिसै घण्टा पढेर लेखर बसिरहेको अबस्था चाहिएको छ । यदि फेल भयो भने शिक्षकले नपढाएर फेल भयो भनिन्छ । होला कहिँ कतै शिक्षकका कमजोरी होलान तर २४ घण्टामा ६ घण्टा विद्यार्थी बिद्यालयमा हुन्छ त्यस पछी १८ घण्टा घरमा अभिभाबकको साथमा हुन्छ त्यसै ले बिद्यालय जति जिम्मेवार हुन्छन् त्यो भन्दा धेरै अभिभाबक जिम्मेबारी छौं ।

बालबालिका हरेक क्रियाकालप नजिकैबाट नियाल्नु जरूरि हुन्छ । उमेर संगै आउने विभिन्न परिबर्तनमा अभिभावकले चासो दिनु पर्छ। मेरो छोरा छोरीलाई म डाक्टर इन्जिनियर पाइलट बनाउछु भनेर हरेक पल ब्यस्त रहेर पैसो कमाउन तल्लिन अभिभाबक जसलाई छोरा छोरी संग संगै बसेर एक छाक खाना खाजा खाने फुर्सद छैन अनि कहाबट हुन्छ पारिबारिक अन्तर्क्रिया अनि सहसमन्धको बिकास ? त्यसै गरि ब्यबहारगत सुपरिबेक्षण ? अतः सपना देख्नु कुनै ठुलो कुरा हैन तर त्यसप्रति निरन्तर लागि रहनु प्राप्ति हो। केटाकेटि संग केटाकेटि भैदिनु पर्छ बयस्क संग साथि हुनु पर्छ अन्यथा रेल भेट्न स्टेशन पुग्दा रेल छुटिसकेकेको जस्तो अबस्था नआउला भन्न सकिन्न ।

■

सामुदायिक विद्यालयमा छोराछोरी पढाउने शिक्षकलाई पुरस्कृत गरिने

■ नवविकल्प

शिक्षामन्त्री धनीराम पौडेलले सामुदायीक विद्यालयमा आफ्ना छोराछोरी पढाउने शिक्षकलाई प्रोत्साहनका लागि पुरस्कृत गरिने बताउनुभएको छ ।

प्रेस सेन्टर नेपाल जिल्ला शाखा म्याग्दीले गत सोमबार बेनीमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री पौडेलले सामुदायिक विद्यालयप्रति विश्वासको वातावरण बनाउन सरकारले हालै ल्याएको विद्यालय क्षेत्र विकास योजनामा यस्तो व्यवस्था गरिएको जानकारी दिनुभयो ।

मन्त्री पौडेलले संसोधीत शिक्षा ऐनले गरेका व्यवस्था कार्यान्वयनका लागि नियमावली निर्माण कार्य अन्तिम चरणमा पुगेको र शिक्षा आयोग गठनको तयारी भएको तथा अस्थाई शिक्षक व्यवस्थानका लागि प्रक्रिया अघि बढाएको बताउनुभयो ।

जनताको गुणस्तरीय शिक्षामा पहुँच बढाउने, विद्यालयको पहुँचमा आएका विद्यार्थीलाई टिकाउने र दक्ष बनाउन यसै वर्षदेखि सात वर्षे विद्यालय क्षेत्र विकास योजना लागु गरेको मन्त्री पौडेलले बताउनुभयो ।

उहाँका अनुसार योजनाले प्रधानअध्यापकको नयाँ तरिकाले व्यवस्थापन गर्नुका साथै विद्यालयको

पहुँचमा रहेका बालबालीकाको शिक्षामा निरन्तरताका लागि दिवा खाजा कार्यक्रम र अभिभावकलाई अनुदानको व्यवस्था गरेको छ ।

शिक्षकहरू राजनीतिक दलको कार्यसमितमा बस्न नपाउने व्यवस्था कार्यान्वयनका लागि नागरिक समाज र सरोकारवालाहरूबाट सहयोगको अपेक्षा व्यक्त गर्नुभयो । यसैगरी सरकारले संविधान संसोधन प्रस्ताव दर्ताको लागि अन्तिम तयारी गरेको बताउनुभयो । संसोधन प्रस्तावले स्थानीय, प्रदेश र केन्द्रको निर्वाचनको वातावरण बनाउन सघाउ पुग्ने उहाँको विश्वास छ ।

मधेस केन्द्रित, सत्तासाझेदार, प्रतिपक्ष र नागरिक समाजसंग छठ अघिनै संसोधनको विषयमा सहमती कायम गर्ने पहल भैरहेको पौडेलले जानकारी दिनुभयो । संविधानको आलोचना गरिरहेका मधेशकेन्द्रित दलहरूको भावनालाई समेट्नेगरी संसदमा संसोधन प्रस्ताव दर्ता गर्ने तयारी भएको मन्त्री पौडेलले बताउनुभयो ।

छठ पर्वअघिनै राजनितिक वातावरण बनाउन सरकारले पहल गरिरहेको उहाँको भनाई छ । संविधान संसोधन, निर्वाचन आयोगको तयारी र निर्वाचन सम्बन्धित कानुन निर्माण, स्थानीय तहको सिमाना निर्धारणसँगै चुनावमा भाग लिने सबै राजनीतिक दलको प्रतिवद्धता सहितको वातावरण बनाउन सरकारले जोड दिएको मन्त्री पौडेलको भनाई थियो ।

लाखौंको झिनिया ब्यापार

■ नवविकल्प

बेनी नगरपालीका ६ की मनकुमारी शाक्यले दसैं र तिहारको समयमा बिस हजार भन्दा बढी झिनीया रोटी बनाएर बेच्नुभयो । घरमा खाजाको लागि र आफन्तकहाँ चाडपर्वमा जाँदा कोशेली लैजान झिनीया बनाउँदै आउनुभएकी शाक्यले झिनीया बेच्न थालेको दुई वर्ष भयो ।

चाडपर्वको समयमा ग्राहकले धेरै खोज्ने भएकाले झिनीया उत्पादन गरेर बिक्री गर्न थालेको शाक्यले बताउनुभयो । दसैं सुरू भएयता दुई लाख रूपैया भन्दा बढीको झिनीया बेचिसकेकी शाक्य मात्र होईन् बेनीमा उहाँ जस्तै अरूलाई पनि झिनीया बनाउन भ्याई नभ्याई छ ।

हेर्दा आकर्षक, खानलाई स्वादीलो र सजिलो हुने भएकाले झिनीया काशेलीको रूपमा प्रयोग हुन थालेको हो । सेलरोटीको तुलनामा केही पछिसम्म उपभोग गर्न सकिने भएकाले पनि सहरी क्षेत्रमा झिनीयाको ब्यापार बढेको बेनीको मंगलाघाटका बासिन्दा पुस्कर बहादुर जोशीले बताउनुभयो ।

उहाँका अनुसार नेवार समुदायमा झिनीया बिशेष परिकारको रूपमा

लिईन्छ । पछिल्लो समय अन्य समुदायमा पनि झिनीया कोशेली लैजाने र उपभोग गर्न थालेका छन् । चामलको पिठो पकाएर त्यसलाई मेसीनमा पेलेर घाममा सुकाएपछि बन्ने झिनीया घ्यू, तेलमा फ्राई गरेर खान योग्य हुन्छ । बनाउन झञ्जटीलो भएपनि झिनीयाको ब्यापार गर्नेहरूको कमाई भने राम्रो छ ।

बेनीको मंगलाघाटकी बुद्धीमा बुढाले पछिल्लो एक महिनायता तिन लाख रूपैया भन्दा बढीको झिनीया रोटी बिक्री गरेको बताउनुभयो । ग्राहक घरमै आउने भएकाले बजारको समस्या छैन् । बेनीमा झिनीयाको व्यवसायिक उत्पादन र बिक्री गर्नेहरूको संख्या बिस जना भन्दा धेरै छ ।

उनीहरूका अनुसार दसैं तिहारको याममा मात्र बेनीमा तिस लाख भन्दा बढीको झिनीयाको कारोबार हुने अनुमान गरिएको छ । आकार अनुसार प्रति १२ वटा झिनीया एक सय देखि १४० रूपैया सम्ममा बिक्री हुने व्यवसायीहरूले बताएका छन् ।

बजार र आसपासका क्षेत्रमा धेरै झिनीया बिक्री हुने मंगलाघाटका व्यवसायी जितबहादुर श्रेष्ठले बताउनुभयो । स्वास्थ्यकर्मीहरू भने झिनीया बनाउँदा, सुकाउँदा, भण्डारण र उपभोग गर्दा सरसफाईमा ध्यान दिनुपर्ने बताउँछन् । फोहोर, धुलो, ढुसीबाट जोगाउने, सकेसम्म रंगको प्रयोग नगर्ने र बासी झिनीया नखान स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन् ।

विद्यालय भवन प्रयोग विहीन

■ नवविकल्प

म्याग्दीको दरवाङमा रहेको जनप्रिय माविको भवन बनेको पाँच वर्षसम्म पनि प्रयोगमा आउन सकेको छैन् ।

राज्य र समुदायको लाखौं लगानीमा निर्मित भवन उपयोगका लागि अनुकुल नभएपछि प्रयोगविहीन बनेको हो । वि.स २०६८ सालमा जिल्ला शिक्षा कार्यालय मार्फत सरकारको २४ लाख रूपैयाँ अनुदान र स्थानीयको श्रमदान गरि २६ लाख रूपैयाँको लागतमा दरवाङ स्थित छ्यारछ्यारे बगरमा चार कोठे पक्कि कक्षा कोठा भवन निर्माण भएको थियो ।

विद्यालयलाई भवनको योजना परेपनि हाल रहेको भवन परिसरमा जग्गाको अभाव र पुरानो भवन रहेको स्थानमा भवन बनाउन समुदायबाट बिरोध भएपछि छ्यारछ्यारे बगरमा भवन निर्माण गरिएको थियो । बाध्यताले अपायक पर्ने ठाउँमा भवन निर्माण गर्नुपर्दा प्रयोग गर्न नसकिएको प्रअ दिवाकर सुवेदीले बताउनुभयो ।

तत्कालै भवन प्रयोगमा आउन

नसकेपनि दुरूपयोग हुन नदिएको र पछि उपयोग गरिने प्रअ सुबेदीको भनाई रहेको छ । नया भवनदेखि हाल कक्षा सञ्चालन हुने भवनमा पुग्न १० मिनेट पैदल हिंड्नु पर्छ ।

हाल प्रयोग भइरहेको भवन पर्याप्त नभएपनि टाढा भएका कारणले नयाँ भवनको प्रयोग गर्न समस्या भएको व्यवस्थापन समितिका अध्यक्ष छवी विश्वकर्मालेे बताउनुभयो । सो विद्यालयले हालै २०५८ मा म्याग्दी नदीको बाढीले बगाउनु अघि भवन रहेको ठाउँमा अर्को २ कोठे भवन निर्माण गरेको छ । नयाँ सहित एउटै विद्यालयको तिनतिर भवन रहेका छन् । जिल्ला शिक्षा कार्यालयले भने भवन लगायतका पुर्वाधारलाई उद्देश्य अनुसार उपयोग गर्नुपर्ने जनाएको छ । कतिपय विद्यालयहरूले भवन लगायतका पुर्वाधारका लागि बजेट नपाएर पठनपाठन प्रभावित बनेको अवस्थामा बजेट पाएर बनाइएका भवनको उपयोग नभएर अलपत्र पर्नु र शिक्षा कार्यालयले चासो नदिनु गम्भिर लापरवाही भएको सर्वसाधारणले गुनासो गरेका छन् ।

यी हुन खाद्य सुरक्षामा चुनौती

■ नवविकल्प

खेतीयोग्य जमिन बाँझो बन्दै जानु र आयातीत खाद्यान्न प्रतीको आकर्षणले म्याग्दीमा खाद्य सुरक्षामा चुनौती देखिएको छ ।

म्याग्दीमा उत्पादन हुने धान, गहुँ, मकै, कोदो, उवा, आलु जस्ता बालीले जिल्लाको खाद्यान्नको माग पुरा गरेर समेत बचत हुने गरेपनि आयातित खाद्यान्नमा निर्भरता बढ्दै गएको छ । आयातीत चामल, मैदा लगायतका उपभोग्य सामानको खपत बढ्न थालेपछि गाउँमा उत्पादीत धान, मकै, गहुँ र कोदोको खाद्य कार्यमा प्रयोग घटेको छ ।

सडक सुबिधाको पहुँचसंगै आयातीत खाद्यान्न सस्तो र उपयोगका लागि सहज हुने भएकाले आफै उत्पादन गर्ने र गाउँमा उत्पादीत धान, गहुँ, कोदो, मकै खरिद गरेर उपभोग गर्ने क्रम घटेको ताकम ३ का कृषक चिन्तामणी सुवेदीले बताउनुभयो ।

जिल्ला कृषि विकास कार्यालयको आर्थिक वर्ष २०७२र७३ को तथ्याङ्क अनुसार एक लाख १३ हजार जनसंख्या रहेको म्याग्दीमा १६ हजार ८३४ मेट्रिक्टन खाद्यान्न बचत भएको देखिन्छ । दलहन र तेलहन आयात गर्नुपर्ने अवस्था रहेपनि खाद्यान्न, तरकारी र आलु जिल्लाको जनसंख्याले उपभोग गरेर पनि बचत भएको बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो ।

उत्पादीत खाद्यान्न, बजारको सहज पहुँच र क्रयशक्तीका कारण म्याग्दीका अधिकांश घरधुरी खाद्यान्नको न्युनतम आवश्यकतालाई परिपूर्ती गर्न सक्षम रहेका छन् । आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने २५ र तीन महिना पनि खान नपुग्ने जनसंख्या करिब बिस प्रतिशत छ । बढी खाद्यान्न उत्पादन गर्नेले कम उत्पादन गर्नेलाई बिक्री गरेर खाद्य आपूर्ती गर्न सकिने भएपनि आयातितप्रती आकर्षण बढेको छ ।

उत्पादन भएको खाद्यान्न बिक्री नहुने र लागत बढी पर्ने गएपछि धेरै जग्गा जमिन हुनेले बाली लगाउन छाडेर जमिन बाँझो राख्न थालेका छन् । जमिन बाँझो राख्नुको अर्को कारण काम गर्ने जनशक्तिको अभाव रहेको छ । बिदेशीएका नेपालीहरूले पसिना बगाएर खाडीका मरूभुमिलाई हराभरा बनाइरहँदा अर्कोतर्फ आफ्ना खेतीयोग्य जमिनहरू भने बाँझीएर झाडीमा परिणत हुने क्रम बढेको हिस्तान दोसल्लेका कृषक मिलन गर्बुजाले बताउनुभयो ।

३० हजार ८५६ हेक्टर खेतीयोग्य जमिन रहेको म्याग्दीमा ३६.८१ प्रतिशत बाँझो देखिएको छ । कुल खेतीयोग्य जमिनको ६३.१९ प्रतिशत अथवा १९ हजार ४९८ हेक्टर क्षेत्रफल जमिन मात्रै प्रयोग भएको छ । खाने बानीका कारण बढेको आयातित खाद्यान्नमा परनिर्भरता र खेती योग्य जमिन बाँझो बन्नु म्याग्दीको खाद्य सुरक्षामा चुनौती रहेको बरिष्ठ कृषि विकास अधिकृत रिजालको भनाई छ ।

नेपाल संम्वतको अवसरमा बिबिध कार्यक्रम

■ नवविकल्प

नेपाल संम्वत ११३७ को स्वागतमा सोमबार बेनीमा विविध कार्यक्रम आयोजना गरिएको छ ।

नेपाल भाषा मंका खलको आयोजनामा शुभकामना आदानप्रदान, च्याली र सम्मान कार्यक्रम गरेर नेपाल संम्वतको नयाँ वर्षको स्वागत गरिएको हो । राष्ट्रिय विभूति शंखधर साख्वाले वि.स ९३७ (ई.स८८०) मा गरिब जनताको ऋण मोचन गरी नेपाल संम्वतको शुरूवात गराउनु भएको थियो । नेपाल संम्वतको स्वागतमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सांसद रेशमबहादुर बानियाले नेपालको मौलीक कला, संस्कृती र रितीरीवाजको संरक्षणमा सबै जागरूक बन्नुपर्ने बताउनुभयो । संबिधानले सबैलाई समान अधिकार र राज्यले समान व्यवहार गर्ने नितीलिएकाले अधिकारको उपभोगसंगै दायीत्व पुरागर्न जिम्मेवार बन्नुपर्ने सांसद बानियाको भनाई थियो ।

यसैगरी क्षेत्री समाज म्याग्दीका अध्यक्ष अमृतादेवी बानिया, नेपाल मगर संघका मनप्रसाद थजाली, मंका खलका संस्थापक अध्यक्ष सुर्दशनकुमार श्रेष्ठ र जिल्ला हुलाक

अधिकृत साधनाकुमारी श्रेष्ठले पनि मन्तब्य व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा नेवार र अन्य समुदाय, राजनितिक दल तथा सामाजिक संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

शुभकामना आदानप्रदान कार्यक्रम सुरू हुनुअघि बेनीको संगमचोकदेखि सुरू भएको नेवार समुदायको झाँकी र परम्परागत भेषभुषा सहितको च्यालीले बजार परिक्रमा गरेको थियो । सो अवसरमा निजामती सेवामा कार्यरत हुलाक अधिकृत श्रेष्ठ र २०७२ को प्रवेशिका परिक्षा (एसएलसी)मा निजी र सामुदायीकतर्फ उत्कृष्ट अंक ल्याई उतिर्ण हुने २२२ जना छात्रछात्रालाई नगद एक हजार पाँच सय रूपैया सहित सम्मान गरिएको थियो ।

सामुदायीकतर्फ प्रकाश मावि‍का संगिता कर्माचार्य, बेनी सामुदायीकका विबेक श्रेष्ठ तथा निजीतर्फ वेष्ट पोईन्टका सिद्धार्थ श्रेष्ठ र कृतीया श्रेष्ठलाई सम्मान गरिएको हो । नेपाल भाषा मंका खलका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष कुबिर श्रेष्ठको स्वागत र सचिव ईश्वर श्रेष्ठको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।

मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ

मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।

झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६५-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
बिजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

शिक्षण पेशा छोडेर व्यवसायिक कृषि पेशामा

■ नवविकल्प

म्याग्दीको हिस्तान ४ टिकोटका एक जना पुर्व शिक्षकले व्यवसायिक कुखुरापालन र तरकारी खेती गरेर राम्रो सफलता पाएका छन् ।

दोसल्ले प्राबि र घराम्दी आधार भुत विद्यालयमा २५ वर्षसम्म अध्यापन गरेका ५० वर्षिय भक्तबहादुर पुर्जा पुन गत वर्ष सेवानिवृत्त हुनुभएको थियो । शिक्षकको स्थाई जागीर छोडेपछि पुनले व्यवसायिक तरकारी खेती र कुखुरापालन विस्तार गर्नुभएको हो । उहाँले आठ रोपनी बारीमा मार्फा रायो, काउली, बन्दा, जागर, धनीया, केराउ लगायत जातका तरकारी खेती गर्नुभएको छ । तरकारी खेती विस्तारका लागि पुनले हालै टिकोट गाउँको शिरानमा पर्ने पञ्चेवल्ल डाँडामा एक लाख रूपैयामा तिन रोपनी जग्गा खरिद गर्नुभएको छ ।

उहाँले २०५६ सालदेखि शिक्षण पेशासंगै सामान्य रूपमा तरकारी खेती र कुखुरापालन गर्दै आउनुभएको थियो । पुनले सेवा निवृत भएपछि व्यवसायको रूपमा अघि बढ्नु भएको हो । सुरूमा गाउँमा तरकारी किनेर खाने चलन नभएकाले पुनलाई स्थानीयले घाँस खान तरकारी लगाएको भनेर गिच्याउने गरेका थिए ।

"अहिले गाउँको माग पुरा गरेर पनि बेनी, बागलुङ, कुश्मा र पोखरा सम्म लगेर तरकारी बिक्री गर्छु" पुनले भन्नुभयो "अरूले पनि तरकारी लगाउन थालेका छन् ।" गाउँमा सडक सुबिधा पुगेपछि बजार पुराउन सजिलो भएकाले शिक्षण पेशाबाट सेवा निवृत भएर तरकारी खेतीमा लागेको पुनले बताउनुभयो । उहाँले यो याममा दुई लाखको तरकारी र ७० हजार रूपैयाँको आलु बेचेको जानकारी दिनुभयो । उहाँले अण्डा र मासु उत्पादनका लागि लेयर्स, ब्रोईलर र कोईलर जातका कुखुरा पालन गर्नुभएको छ । वार्षिक सात लाख रूपैयाँ बराबरको कुखुरा बिक्री हुने गरेको पुनको भनाई छ । उहाँले पालेका कुखुरा हिस्तान, घार, शिख र घोडेपानीको बजारमा खपत हुन्छ ।

श्रीमती टिका र दुई छोराछोरीले पनि उहाँलाई तरकारी खेती र कुखुरापालनमा सघाउँदै आएका छन् । चिसो वातावरण भएकाले बेमौसमी तरकारी उत्पादन गर्न उहाँले पलास्टीकको घर बनाउनुभएको छ ।

कुखुराको सुली तरकारी खेतीमा तरकारी खेतीमा प्रयोग हुने गरेको छ । रासायनीक मल र बिषादीको प्रयोग बिनै तरकारी खेती गरेको पुनले बताउनुभयो । उहाँले बाख्रा, कुखुरापालन, तरकारी र आलु खेतीको बृहत कृषि फार्म सञ्चालन गर्ने योजना बनाएको बताउनुभयो ।

किवी खेतीबाट कृषक उत्साहित

■ नवविकल्प

पर्वतको लेकफाँट १ रात्माटामा परिक्षणका लागि गरीएको किवी खेती सफल भएपछि कृषक उत्साहीत भएका छन् ।

उच्च पहाड फलफुल स्रोत नर्सरीका सञ्चालक यज्ञप्रसाद सुवेदीले पाँच वर्षअघि १० रोपनी जमिनमा लगाउनु भएको १६० बोट किवीले फल दिन थालेपछि त्यहाँका अन्य कृषकले समेत किवी खेती विस्तार गर्न थालेका छन् ।

गत वर्ष दुई क्विन्टल किवी उत्पादन भएको सो फार्ममा यस वर्ष पाँच क्विन्टल किवी फलेको छ । सुवेदीले त्यहाँ किवी र अलैचीको बिरूवा समेत उत्पादन गर्दै आउनु भएको छ । गत वर्ष चार हजार १०० बिरूवा बिक्री गर्नुभएका सुवेदीको नर्सरीमा यस वर्ष थप पाँच हजार बिरूवा तयार भएका छन् ।

परिक्षण सफल भएपछि लेकफाँट, शालीजाका साथै म्याग्दीको राम्चेलाई किवी खेतीको पकेट क्षेत्रको रूपमा विकास गर्न अभियान चलाइएको सुवेदीले बताउनुभयो । लहरा प्रजातीको किवी समुद्रि सतहदेखि एक हजार २०० देखि दुई हजार ५०० मिटर उचाईको भुगोलमा खेती गर्न सकिन्छ ।

स्वादीलो, धेरै पौष्टिक तत्व पाईने र स्वस्थ्यकर मानिने किवीको मुख्य उपभोक्ता पर्यटक, बिदेशमा रहेका

र त्यहाँबाट फर्कीएका नेपालीहरू हुन् । लगाएको तेस्रो वर्षबाट एउटा बोटमा ५० देखि ७० किलोसम्म फल लाग्ने किवी प्रतिकिलो चार सय रूपैयाँका दरले बिक्री हुने गरेको छ । न्युजील्याडको प्रमुख फलफुल मानिने किवी नेपाली उपभोक्ताका लागि नयाँ फलफुल हो ।

सोयु, ब्रुनो, हेवार्ड, आलीसान, टोमरी, मन्टी जातको किवीको प्रति बिरूवाको सरदर बजार मूल्य तिन सय रूपैया रहेको छ । कृषि विकास कार्यालय पर्वतसंग सहकार्य गरेर उहाँले किवी र अलैचीको नर्सरी सञ्चालन गर्नुभएको हो । किवीले चालीस वर्षसम्म फल दिन सक्ने कृषि प्राबिधिकहरूले बताएका छन् ।

डेढ सय बोट सुन्तला र दश रोपनीमा अलैची खेती गर्नुभएका सुवेदीले किबीको बगैचा र नर्सरीमा आवश्यक पर्ने सिचाईका लागि बनाएको पोखरीमा कमन र ग्रास कार्प जातको माछा पाल्नुभएको छ । उहाँले जण्डीस र स्त्रीरोगको उपचारमा प्रयोग हुने पेटीना मल (गमले स्याउ) जातको जडिवुटीको व्यवसायीक खेती र नर्सरी समेत स्थापना गर्नुभएको छ ।

पुर्व गाविस अध्यक्ष समेत रहनुभएका बाम राजनितिमा आवद्ध सुवेदी आफ व्यवसायीक कृषि पेशामा लाग्नुको उद्देश्य स्थानीय स्तरमै स्वरोजगार बन्न युवाहरूलाई सन्देश दिने रहेको बताउनुहुन्छ । किवी फार्म स्थापनाका लागि उहाँले करिब पाँच लाख रूपैयाँ लगानी गर्नुभएको थियो ।

जिविसका सूचना अधिकारी नै सूचना विहिन

■ घनश्याम खड्का/म्याग्दी

जिल्ला विकास समितिको कार्यालयका सूचना अधिकृत पदमबहादुर भण्डारीले कार्यालय प्रमुख स्थानिय विकास अधिकारी चिरञ्जीवी पौडेलसँग नियमित सूचना उपलब्ध गराई पाउन लिखित निवेदन गरेका छन ।

सूचनाको हक सम्बन्धी ऐन, ०६४ को दफा ६ (१) अनुसार कार्यालयमा सूचना अधिकारी तोक्ने र दफा (२) मा सो अधिकारीलाई नियमित रूपमा कार्यालयमा भए गरेका सम्पूर्ण काम कारवाहीको सूचना नियमित गराउनु पर्ने व्यवस्था भएपनि स्थानिय विकास अधिकारीले सूचना अधिकारी र सूचना शाखालाई वेवास्ता गर्दै आएका छन । सूचना अधिकारीलाई कार्यालयको सूचना उपलब्ध गराउने सम्बन्धमा कार्यालय प्रमुख एवं स्थानिय विकास अधिकारी पौडेललाई लेखेको पत्रमा भनिएको छ, 'कार्यालयबाट सम्पादन भएका सबै सूचनाहरू नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था भएपनि पटक-पटक सूचना अधिकारीले योजनाहरूको सूचनाहरू माग्दा पनि उपलब्ध नगराईएकोले कार्यालयबाट सिर्जना तथा उत्पादन हुने सबै किसिमका सूचना नियमित हुन नसकेकाले नियमित रूपमा सूचना उपलब्ध गराईदिन अनुरोध छ ।'

जिल्ला विकास समिति तथा जिविस कार्यालय मातहत संञ्चालित विभिन्न गैह्सरकारी संस्थाको सहयोगका कार्यक्रम, परियोजना र आयोजनाहरूले पनि सूचनाको हक सम्बन्धि ऐनलाई वेवास्ता गर्दै आएका छन । सूचना शाखा र सूचना अधिकारीलाई नै कार्यालयको कार्यक्रमको सूचनाबाट वञ्चित गरी कार्यालय प्रमुखबाट मात्र सूचना दिने गरिएको छ । अनियमिततालाई लुकाउन सूचना अधिकारीलाई सूचना विहिन बनाईदा जिविसले संञ्चालन

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
बेनीबजार

पत्र संख्या:- ०७३/७४
चलानी नम्बर:-३१८

विषय:- सूचना अधिकारीलाई कर्मचारीको सूचना उपलब्ध गराउने सम्बन्धमा ।

गरेको वेभसाईट पनि नियमित अपडेट हुँदैनन ।

त्यसैगरी सूचना अधिकारी भण्डारीले कार्यालय प्रमुखसँग लिखित मागेको सूचनाको हक सम्बन्धी पत्रमा जिविसले गत आर्थिक बर्ष र चालु आवको पहिलो चौमासिकमा गरिने सार्वजनिक सुनुवाई कार्यक्रमका लागि अपारदर्शी रूपमा परामर्शदाता छनौट गरिएको र सावैजनिक विदाका समयमा समेत कार्यालयका गाडी तथा सवारी साधनहरू निजी काममा प्रयोग गरिएको भन्दै यस शाखामा सूचना माग भएको उल्लेख गर्दै पत्रमा सूचनाको हक सम्बन्धी ऐन ०६४ दफा २८ बमोजिमको संरक्षण गर्नु पर्ने सूचना नभएकोले सो सूचना समेत उपलब्ध गराई दिन माग गरेका छन ।

'कार्यालयमा सूचना अधिकारी तोकिएपनि कार्यालयका र मातहतका कार्यक्रम, परियोजना र आयोजनाहरूका गतिविधी तथा जानकारी सूचना शाखामा कहिल्यै उपलब्ध हुँदैनन । कार्यालय संयन्त्र यतिसम्म अपारदर्शी छ कि कार्यालयले सम्पादन गरेका कार्यक्रम तथा योजनाहरूको बिलभरपाई अनिवार्य आफ्नो वेभसाइटमा राख्नु पर्ने व्यवस्था भए पनि कार्यान्वयन भएको छैन' जिविसका सूचना अधिकारी पदमबहादुर भण्डारीले भने, 'जिविस अर्न्तगतका कार्यक्रमहरू राजनैतिक संयन्त्रले समेत सुईको पाउँदैनन ।

एनजिओ/आईएनजिओबाट चलेका कार्यक्रमहरू झन अपारदर्शी छन् । कार्यालयलाई पारदर्शी बनाउने दायित्व लिएका कार्यालय प्रमुख नै कार्यालय बिदा भयो कि सरकारी गाडीलाई व्यक्तिगत प्रयोजनमा दुरूपयोग गर्छन् भन्ने गुनासा छन् ।

टिम्मुरका बोट मासिँदै

■ नवविकल्प

अन्यवस्थित रूपमा फल टिप्दा टिम्मुरका बोट मासिदै गएका छन् । मसलेदार फल टिम्मुर टिप्ने क्रममा हाँगा काटिदाँ बोट मासिएको हो ।

औजार नहुँदा कृषकहरूले टिम्मुरको काँडाबाट बचनका लागि हाँगा काटेर फल टिप्ने गरेका छन् । हाँगा काटेर फल टिप्दा बिरूवा मर्ने र उत्पादन प्रभावित हुने समस्या देखिएको सिद्धबराह टिम्मुर सञ्जाल बेनपा १० तोरीपानीका अध्यक्ष सागर बानियाले बताउनुभयो ।

उहाँका अनुसार हाँगा काटेको बोटबाट पुनस्फल लाग्न तिन वर्ष कुर्नुपर्छ । फल टिप्ने प्रबिधि र औजारमा पहुँच नहुँदा टिम्मुरका बोट जोगाउन तथा खेती विस्तारमा समस्या भएको छ । तिखा र बिशालु काँडाले कोप्ने भएकाले हाँगा काटेर अथवा लौरोले झटारो हानेर टिम्मुरको फल टिप्ने गरेका छन् ।

हातले टिम्मुर टिप्दा जोखिम, झञ्जट र दुख हुने गरेको बेनपा १० तोरीपानीकी चन्द्रकली परियारले बताउनुभयो । हाँगा काट्दा रूख मासिने र झटारो हान्दा आधा भन्दा धेरै फल भुईमै हराउने गरेको उहाँको भनाई छ । यसैबीच सुरक्षित र व्यवस्थित रूपमा फल टिप्ने तथा

बोटको संरक्षणका लागि म्याग्दी उद्योग वाणिज्य संघले कृषकहरूलाई औजार वितरण गर्ने जनाएको छ । एक गाउँ एक उत्पादन कार्यक्रम अन्तरगत १६ वटा टिमुर खेती गर्ने कृषक समूहलाई औजार वितरण गर्न लागिएको हो ।

कृषकहरूले गरेको माग अनुसार झ्याङ, हेलमेट, पाल, सिकेचर कैंची र पञ्जा लगायतका सामाग्रीहरू यसै महिनाभित्र वितरण गरिने संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्यले बताउनुभयो । मुखमा राख्दा रमरम गर्ने स्वाद हुने टिमुर अचार, दाल र चटनीमा मसलाको साथै शरीरलाई न्यानो बनाउन, हाडजोर्नी, पेट दुख्दा र लेक लाग्दा आर्युवेदीक औषधिको रूपमा प्रयोग गरिन्छ ।

बेनी नगरपालीका ६ र १० वडामा पर्ने नेप्टेचौर, स्यानीखेत, काउलेगौंडा, तोरीपानीका साथै भगवती, नारच्याङ, वेग, पिप्ले, ताकम, दरवाङ र मुदी गाविसको १३.६१ हेक्टरमा रागे, बोके, तिते र लहरे जातको टिमुर खेती भएको छ । मौसम अनुकुल भएको र असिना नपरेको अवस्थामा जिल्लाभर वार्षिक दुई हजार ६३ किलोग्राम भन्दा बढी टिमुर उत्पादन हुने जिल्ला वन कार्यालयका सहायक वन अधिकृत चन्द्रमणी सापकोटाले बताउनुभयो ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३८
प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३८
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३८)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

स्थानीय.....

क्षेत्रको गाउँपालिकामा २२ हजार र नगरपालिकामा ३१ हजार जनसंख्या हुनुपर्ने मापदण्ड आयोगको मापदण्ड छ । साविकका सिङ्गो गाविस अब वडा रहनेछन ।

म्याग्दीको स्थानीय तहको गठनका क्रममा भौगोलिक बिकटता, जनसंख्याको कमी र प्राकृतीक स्रोतको बाँडफाडको विषयलाई गम्भिर रूपमा लिइएको थियो । आयोगको मापदण्ड

अनुसार बेनी नगरपालिका भन्दा बाहेका गाउँपालिकामा जनसंख्या कम रहेको छ ।

७६.५७ वर्गकिलोमिटर क्षेत्रफल रहेको बेनी नगरपालिकाको जनसंख्या ३३ हजार ४६८, ८७.०२ वर्ग किलोमिटर क्षेत्रफल हुने मंगलामा १५ हजार ६४६ र ११६ वर्गकिलोमिटर क्षेत्रफल भएको मालिका गाउँपालिकामा १६ हजार ४५८ जनसंख्याको बसोबास छ ।

सबैभन्दा धेरै एक हजार ३६.४५ हेक्टर क्षेत्रफल रहेको प्रस्तावीत धौलागिरी गाउँपालिकामा १४ हजार १०४ र सबैभन्दा कम जनसंख्याको बसोबास रहेको अन्नपूर्ण गाउँपालिकाको क्षेत्रफल ५५६.४ हेक्टर छ । ३६१.६२ हेक्टर क्षेत्रफल रहेको रघुगंगा गाउँपालिकामा १५ हजार ७५३ जनसंख्याको बसोबास छ ।

यसअघि गत भदौंमा म्याग्दीबाट चार वटा विकल्प सहितको स्थानीय तह प्रस्ताव गरिएको थियो । तिन वटा प्रस्ताव पाँच वटा स्थानीय तहका थिए भने एउटा छ वटा स्थानीय सरकार बनाउने विकल्प माग गरिएको थियो । शुक्रबारको बैठकको पहिलो चरणमा सात वटा स्थानीय तहको विकल्पमा छलफल भएपनि अन्ततः छ वटामै सहमती जुटेको हो ।

कालीगण्डकी भेगको भौगोलिक बिकटता र प्रशासनीक सुगमतामा समस्या हुने देखिएपछि आयोगले तोकेको भन्दा एक वटा बढी सात वटा स्थानीय तह बनाउने पहल गरेपनि पछि ६ वटामै सहमती भएको नेपाली काँग्रेस म्याग्दीका सभापति खम्बिर गर्बुजाले बताउनुभयो ।

"मागेको भए आठ वटा सम्म स्थानीय तह पाईन्थ्यो तर स्रोत र सामर्थ्यको समस्या भएकाले छ वटानै कायम गर्ने सहमती भयो" गर्बुजाले भन्नुभयो । स्थानीय सरकार सञ्चालनका लागि स्रोत साधन जुटाउन अब बन्ने स्थानीय तहको मुख्य चुनौती रहेको छ ।

स्थानीयको दवाव, विवाद र जनमत खल्बल्लीने त्रासका कारण ताकम र मुना तथा मौवाफाँट र पाखापानी मध्य कहाँ केन्द्र बनाउने भन्ने विषयमा निर्णय हुन नसकेको जनाइएको छ । धौलागिरी र रघुगंगा गाउँपालिकाको केन्द्रका विषयमा समेटिने गाविसबाट एउटै निर्णय हुन नसकेकोको अवस्थामा तत्कालै निर्णय गर्दा बिवाद उत्पन्न हुने भएकाले आयोगलाई नै जिम्मा दिइएको नेकपा एमालेका अध्यक्ष हरिकृष्ण श्रेष्ठले बताउनुभयो ।

"विभिन्न क्षेत्रबाट दवाव र मागहरू आईरहेकाले निर्णय गरिहाल्दा बिवाद उत्पन्न भएर थप जटिलता नहोस भनेर दुई वटा गाउँपालिकाको केन्द्र तोक्ने जिम्मा आयोगलाईनै दिएका हौं" अध्यक्ष श्रेष्ठले भन्नुभयो ।

उक्त बैठकमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, राप्रपा नेपाल, जनमोर्चा, नयाँ शक्ति पार्टी र अखण्ड नेपाल पार्टीका जिल्ला अध्यक्ष लगायतका नेताहरूको सहभागिता रहेको थियो । राप्रपाका प्रतिनिधिले भने उक्त प्रस्तावमा हस्ताक्षर गरेका छैनन् ।

बेनी नगरपालिकाको दिगो आयस्रोत र पानीढलो मिल्ने भएकाले भगवती र पिप्लेलाई नगरपालिकामा समावेश गर्ने तथा पिछडिएको र दुर्गम क्षेत्र रहेको पाखापानीलाई रघुगंगा गाउँपालिका बनाउनुपर्ने पार्टीको धारणा रहेको राप्रपाका उपाध्यक्ष बिरबहादुर थापा क्षेत्रीले बताउनुभयो ।

उहाँले भौगोलिक र प्रशासनीक सुगमतालाई ध्यान दिएर मल्कवाङ र मराङलाई दरवाङ केन्द्र रहने मालीका गाउँपालिकामा समावेश गर्नुपर्ने र धौलागिरीमा समावेश गरेको अवस्थामा ताकम केन्द्र बनाउनुपर्ने बताउनुभयो । दुई वटा विषयमा फरक धारणा रहेको उपाध्यक्ष थापाले बताउनुभयो ।

स्थानीय तहको सिमाङकनका लागि अन्तिम सर्वदलीय बैठक बस्नुअघि शिर्ष नेताहरूले शिर्ष नेता र कार्यकर्ताहरूसंग छलफल तथा परामर्श गरेका थिए । सर्वदलिय बैठकले गरेको प्रस्ताव धेरै ठाउँबाट स्वागत भएपनि केही ठाउँका स्थानीयबासीले असन्तुष्टी र गुनासो व्यक्त गरेका छन् ।

दुई वटा गाउँपालिकाको केन्द्र तोक्न नसकेकोप्रती प्राबिधिक समिति, नेता र सांसदप्रती गुनासो गरेका छन् । आयोगले तोकेको मापदण्डलाई आधार बनाएर निर्णय गरेको भए अन्यौलता नरहने ताकमका कृष्ण भण्डारीले बताउनुभयो । धेरै जसोले सर्वदलीय निर्णय र प्रस्तावको स्वागत गरेका छन् ।

पर्वतको मल्लाज क्षेत्रसंग गाभिने चाहना राखेका राम्चेका बासिन्दाहरूले पनि पोखरेबगर केन्द्र रहने विषयमा असहमती जनाउँदै आएका छन् । स्थानीय तहको केन्द्र बनाउन दश जोड दुई तहको विद्यालय, सबै भन्दा टाढाको बस्तीका बासिन्दा सेवा लिई घर फर्कन सक्ने, सडकमा पुग्न तिन घण्टा हिड्नुपर्ने र भौतिक संरचना लगायतका आधार तोकेको छ ।

ठेक्का.....

यसैबीच निर्माण व्यवसायीहरूले सो योजनाको ठेक्का प्रभावित गर्ने, बिगार्ने र प्रतिस्पर्धा हुन नदिने प्रयास गरेका छन् । देव एण्ड सायर बिएन जेभीका प्रतिनिधी प्रविण सापकोटाले शुक्रबार दर्ता गराएको बैङ्क जमानतपत्र कर्मचारीको हातबाटै खोसीएको थियो ।

नार्गाजुङ नाना जेभीका प्रतिनिधि रविन्द्र कार्कीले पत्र खोसेर लगेको र आफूलाई कुटपिट गर्ने धम्की दिएको सापकोटाले बताउनुभयो । जमानतपत्र खोसीएपछि केही समय जिविसमा लफडा भएको थियो । प्रहरी परिचालन भएका थिए । जिविसका कर्मचारीले पत्र खोसीएको मुचुल्का तयार गरेर प्रक्रिया अघि बढाएका थिए ।

ठेक्कामा प्रतिस्पर्धा हुन नदिने र प्रक्रियालाई अवरूद्ध बनाउने नियतले प्रस्ताव अपूरो बनाउन कागजात खोसीएको सापकोटाको भनाई छ । सो कागजात कार्कीले प्रस्ताव दर्ता गर्ने समय सकिएको एक घण्टापछि प्रहरी मार्फत फिर्ता गरेका थिए ।

कार्कीले भने राजनितिक पुर्वाग्रहको आधारमा बद्नाम गर्न अनावश्यक प्रचारबाजी गरेको तर्क गर्नुभयो । उहाँले अन्य ठेक्का पट्टामा पनि यस्तो हुने गरेको भन्दै यो

विषय समान्य भएको बताउनुभयो । यसअघि गत भदौंमा नापी कार्यालयको भवन निर्माण योजनाको ठेक्का पनि निर्माण व्यवसायीबीच कमीसनको कुरा नमिल्दा बिवादीत बनेपछि अहिलेसम्म सम्झौता हुन सकेको छैन् ।

xflb{ lgdGq0ff

"सबै धर्मबिच एकता, हामी सबैले बुझौ म्याग्दी बहुमुखी क्याम्पसको आवश्यकता"

म्याग्दी बहुमुखी क्याम्पसमा प्राविधिक शिक्षा थप एवं स्नातकोत्तर शिक्षा सञ्चालनार्थ २०७३ कात्तिक २५ देखि मंसिर २ गतेसम्म क्याम्पस प्राङ्गणमा सञ्चालन हुने म्याग्दी बेनी धार्मिक एवं शैक्षिक महोत्सव २०७३ मा सहभागी भई तन, मन, धन र बचनले सहयोग गरिदिनुहुनका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम

- कात्तिक २५ गते बिहान ९ बजे कलश शोभायात्रा सहित महोत्वको शुभारम्भ ।
- राष्ट्र निर्माण एवं प्राविधिक शिक्षा आजको आवश्यकता बारेमा विशेष प्रबचन ।
- प्रातः ७ देखि १० बजेसम्म पुर्वाह्ण/मुलपाठ, १००८ शालीग्राम परिक्रमा तथा पूजा।
- मध्य ११ बजेदेखि संगितमय कथा प्रवचन तथा झाँकीहरु ।
- साँझ ४ बजेदेखि विद्यार्थीहरुको नैतिक विकासका लागि शैक्षिक कार्यक्रम ।
- साझँ ५ बजे आरती, पुष्पाञ्जली, प्रसाद वितरण तथा गुरुज्यूको बाहुलीबाट टिका प्रसाद ।
- साँझ ७ बजेदेखि १० बजेसम्म प्रवचन तथा राष्ट्रिय स्तरका अध्यात्मीक कलाकार हरुबाट झाँकी, भजनकिर्तन ।

प्रमुख कथावाचक: पं. दिनबन्धु पोखरेल

सहवाचक: संकल्पकर्ता ध्रुब शरण बस्याल

म्याग्दी बहुमुखी क्याम्पस

फुलबारी, बेनीबजार, म्याग्दी

सर्म्पकका लागि : ५८५७६४००४६, ५८५७६२१८३०, ५८५७६४०१२६, ५८५७६२४२५४, ५८४७६३५३८५

देउसी भैलोबाट लाखौ संकलन

■ नवविकल्प

तिहारको अवसरमा देउसीभैलो खेलेर म्याग्दीका संघ संस्था र संगठनहरूले लाखौं रूपैया संकलन गरेका छन् । म्याग्दीका राजनितिक दलका भातृ संगठन, जातिय संस्था, सामुदायीक विद्यालयका साथै प्रवासमा रहेका म्याग्देलीहरू समेत तिहारको अवसरमा देउसीभैलो खेलेका थिए ।

म्याग्दी प्रवासी नेपाली संघ (मोना) हङकङले सामाजिक कार्यकर्ता महाबिर पुनको पहलमा स्थापना हुन लागेको राष्ट्रिय आविस्कार केन्द्रका लागि चालीस लाख रूपैया जुटाएको छ । पोखरामा बसोबास गर्ने बेगखोलाका बासिन्दाहरूले भैलो खेलेर प्राकृतिक बिपद्बाट प्रभावितहरूको सहयोगका लागि अक्षयकोष स्थापना गर्न आठ लाख रूपैयाँ संकलन गरेका छन् ।

बेनीमा देउसीभैलो खेलेर नेपाल मगर संघले करिब ११ लाख रूपैया संकलन गरेको छ । मौलीक कला र संस्कृतीको संरक्षणका साथै भवन सुधार गर्न आयस्रोत जुटाउने उद्देश्यले देउसीभैलो खेलीएको संघका सचिव लोकेश पुनले जानकारी दिनुभयो ।

नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववीयु म्याग्दीले देउसी भैलो खेलेर चार लाख ११ हजार ४८७ रूपैया संकलन भएकोमा एक लाख ५३ हजार ५०० रूपैयाँ खर्च र दुई लाख ५७ हजार ८८७ रूपैयाँ बचत भएको जनाएको छ ।

छन्त्याल विद्यार्थी संघले दुई लाख २३ हजार रूपैयाँ संकलन गरेको छ भने नेपाली काँग्रेस निकट नेपाल तरूण दलले अझै भैलो कार्यक्रम नसकिएको र सकिएपछि सार्वजनिक गर्ने जनाएको छ । तरूण दल र अनेरास्ववीयुले आफू निकट पार्टीको धारणा जनतासम्म पुऱ्याउन समेत देउसी भैलोलाई प्रयोग गरेका थिए । उता पिप्लेको मौवाफाँटमा रहेको ज्ञानोदय माविले चार लाख ३७ हजार, कुहुँ ३ मा रहेको मनकामना प्राविका शिक्षक, अभिभावक, व्यवस्थापन समिति र विद्यार्थीहरूले देउसीभैलो खेलेर दुई लाख २० हजार १२४ रूपैयाँ संकलन गरेका छन् । कुहुँ १ खानीगाउँका बासिन्दाले देउसी भैलो खेलेर जुटाएको एक लाख १८ हजार रूपैया गाउँलाई जोड्ने मोटरबाटो मर्मतमा खर्च गरेका छन् ।

मराङ ३ मा सामुदायिक भवन निर्माणका लागि कल्लेनीको नौमती बाजा समूहले काठमाडौं र पोखरामा देउसी भैलो खेलेर नौ लाख २२ हजार ११७ रूपैयाँ जुटाएका छन् । मनोरञ्जनका लागि देउसी भैलो खेल्ने परम्परा र चलन रहेपनि पछिल्लो समय सामाजिक कामका लागि आर्थिक स्रोत जुटाउने प्रभावकारी माध्यम बनेको हो । विशेष गरी सामुदायिक विद्यालय सञ्चालन, अक्षयकोष स्थापना, सामाजिक तथा सार्वजनिक महत्वका सङ्घ संस्थाको संस्थागत विकास जस्ता उद्देश्य राखेर देउसी भैलो खेल्ने गरेका छन् । म्याग्दीका विभिन्न विद्यालयले निजी स्रोतका शिक्षकलाई तलब खुवाउन तिहारको अवसर पारेर देउसीभैलो खेलेका छन् । म्याग्दीमा यस वर्ष परम्परागत देखि आधुनिक कला संस्कृतीलाई समावेश गरेर देउसी भैलो खेलेको देखिन्थ्यो । देउसीभैलोमा प्रस्तुत गरिएको थाली, पुर्ख्यौली, सोरठी, कौरा, सिरफुले, सालैजो जस्ता मौलीक गित तथा नृत्यले जिल्लाको कला संस्कृती संरक्षणमा टेवा मिलेको स्थानीयको भनाई छ ।

धार्मिक ग्रन्थहरूका अनुसार भगवान् विष्णुबाट यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने बरदान पाएका बलिराजाले 'भलो होस्' भनी घरघरमा गाउन लगाएको सम्झनामा देउसी भैलो खेल्ने चलनको सुरूवात भएको विश्वास गरिन्छ ।

म्यूजिक भिडियोमा म्याग्दी

■ नवविकल्प

म्याग्दीलाई चिनाउने उद्देश्यले गीतकार तथा संगीतकार टंक शेरचनले 'हाम्रो जिल्ला म्याग्दी' बोलको गीतको म्युजिक भिडियो तयार गरेका छन् । काठमाण्डौमा शुक्रबार आयोजित कार्यक्रममा संगीतकार शिलाबहादुर मोक्तानले भिडियो सार्वजनिक गर्नुभयो ।

दरबाङमा छायांकन गरिएको भिडियोमा मौलिक नृत्य, भेषभुषा र म्याग्दीका पर्यटकीय स्थल र गाउँबस्तीको दृष्यहरू समावेश गरिएको छ । गीत र म्युजीक भिडीयो मार्फत म्याग्दीको मौलिक कला र संस्कृतीको संरक्षणसँगै प्रचारप्रसार गरी पर्यटन विकासमा सघाउने उद्देश्य रहेको शेरचनले बताउनुभयो ।

दरबाङका शेरचनले सानैदेखि गीत संगीतप्रति हुरूक्कै हुने गरेको बताउँदै आफ्नो जिल्लालाई चिनाउन गीत लेखेकोमा खुशी व्यक्त गर्नुभयो । शेरचनका एल्बम 'खुकुरी', लोकदोहोरी एल्बम 'हुन्छु निराश', बाँसुरीको धुन संग्रहित एल्बम 'इमेज अफ हिमालय', 'कल अफ फल्युट' र 'हाम्रो म्याग्दी' बजारमा आईसकेका छन् । गीतमा खड्ग गर्बुजा र दुर्गा परियारको स्वर छ । मुनाल फिल्मस् प्रालिको व्यानरमा निर्माण भएको भिडियोमा बबी केसी, यशोदा पुर्जा पुन र ज्योति भट्टचनले अभिनय गरेका छन् । भिडियोमा बबीकै कोरियोग्राफी, खिमबहादुर गुरूङको छायांकन, बालकाशी गुरूङको सम्पादन र भोजबहादुर गुरूङको निर्देशन छ ।

नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत
ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-
www.bikalpanews.com

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्जा - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair
दसै तिहार विशेष छुटसहित
प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१८०११

प्रो. प्रदिप सापकोटा मो. ९८५७६४०२२२
रामकृष्ण कन्स्ट्रक्सन तथा सोम फर्निचर उद्योग
बेनी नगरपालिका-४, खबरा, म्याग्दी
फोन नम्बर ०६९-५२०४२२
हाम्रा सेवाहरू
दराज, कुर्ची, टेबुल, ढोका, खापा, भ्यूाल, पलङ, सोफा लगायत फर्निचर तथा फर्निसिङका सम्पूर्ण कार्यहरु गरिनुका साथै निर्माण सम्बन्धी सम्पूर्ण कामका लागि हामीलाई सम्झनुहोस् ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी
रारा अटोमोबाईल्स
पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०५९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)
हाम्रा सेवाहरू
विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौं । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सबै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह
गुप्ता फ्रेस हाउस
क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७
हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८) प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा ९८४७६४१९५६ प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०८०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२१०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादक: ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालय: शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रण: दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286